जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २६ •अंक ९२ • २०८१ साल भाद्र ०३ गते सोमबार (19 August, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सुनचाँदीका अवैध गरगहनासहित एक पक्राउ



**टुडे समाचारदाता**

सिरहा। सिरहामा भारीमात्रामा गरगहनासहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पाँचथरको आरुबोटे नगरपालिका-५ स्थित बाजघरा स्थायी घर भई हाल झापा जिल्लाको दमक बस्ने २८ वर्षीय रोशन बराइली रहेको सिरहा प्रहरीका प्रहरी उपरीक्षक रमेश पण्डितले जानकारी दिए।

पक्राउ परेका आरोपित बराइलीको साथबाट सुन र चाँदीका गरी साढे ५ लाख रुपैयाँ मूल्य बराबरको अवैध गरगहना बरामद भएको छ।

बराइलीको साथबाट चाँदीको बाला ६४ थान, ब्रासलेट ११ थान, चुरा २९ थान र रड एक थान गरी २ लाख १७ हजार ६ सय ८० रुपैयाँ मूल्य बराबरको २६५२.४ ग्राम चाँदीको गहना बरामद भएको प्रहरीले सार्वजनिक गरेको छ।

त्यस्तै हरियो पोतेमा सुन जडित माला १८ थान, रातो पोतेमा सुन जडित माला ३० थान, सेतो मोतीमा सुन जडित माला ५ थान, खुल्ला चन्द्रमा ६ थान, पोतेमा जडित चक्र ८ थान, पोतेमा जडित मंगलसुत्र १ थान गरी ३ लाख ३५ हजार २ सय २८ रुपैयाँ बराबरको २६.०५ ग्राम सुनका गरगहना भएको उनले बताए।

आरोपित बराइलीको साथमा रहेको प्रदेश-१-०१-०१४ प ४६२५ नम्बरको अपाचे मोटरसाइकल पनि नियन्त्रणमा प्रहरीले लिएको छ। सिरहाबाट चोहर्वातर्फ गइरहेका उनलाई प्रहरीले शंकाको आधारमा चेकजाँच गर्दा बोकेको झोलाबाट बिना बिलबिजकको सो अवैध गरगहना बरामद भएको थियो।

यस विषयमा थप अनुसन्धान भइरहेको र पक्राउ परेका व्यक्ति, गरगहना तथा मोटरसाइकल राजस्व अनुसन्धान कार्यालय, इटहरीलाई जिम्मा लगाउने तयारी भइरहेको उनले बताए।

### सप्तकोशी कहरको १६ वर्ष

# अझै राहतको पर्खाइमा छन् पीडित

**टुडे समाचारदाता**

राजविराज। सप्तकोशीको बाँध फुटेर गएको कहरको १६ वर्ष पूरा भए पनि अधिकांश पीडितले अझैसम्म पनि राहतकै पर्खाइमा पर्खिनु परेको छ।

बाढीले भएको करोडौँको धनजनको क्षति अझै पीडितले भुल्नसम्म सकेका छैनन्। सो घटनाको १६ वर्षमा बल्ल पीडित परिवार पूर्वावस्थामा फर्किने अझै पनि अभ्यास नै गरिरहेका छन्।

२०६५ भदौं २ मा कोशी नदीको पूर्वी तटबन्ध फुटेर गाउँमा पस्दा सुनसरीको तत्कालीन पश्चिम कुशाहा, श्रीपुरजब्दी र हरिपुर गाविस पूर्णरुपमा तथा लौकही गाविस आंशिक रुपमा डुबान परेको थियो।

साबिक पश्चिम कुशाहा गाविस-४ स्थित कोशी नदीको पूर्वी तटबन्धको स्पर नं १२ दशमलव १० तथा स्पर नं १२ दशमलव ९० को बीचमा पानीको धक्काले तटबन्ध फुटेपछि बाढी गाउँमै पसेको थियो। कोशीको भंगालो गाउँमा पस्दा ७ हजार ५६३ घरधुरीका ४२ हजार ७६५ स्थानीयवासीलाई विस्थापित हुनु परेको थियो।

पीडितलाई राहत, क्षतिपूर्ति तथा पुनः स्थापनाको माग राखेर पीडितले ०६५ भदौं २७ देखि आन्दोलनको घोषणा गरे। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले देशवासीको नाममा सम्बोधन गर्दै कोशी पीडित क्षेत्रको समस्या समाधानका लागि एक उच्चस्तरीय कार्यदल गठन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।



सोही प्रतिबद्धता अनुसार ०६५ फागुन २२ मा सरकारले मन्त्रिपरिषद्को निर्णयबाट तत्कालीन सभासद् नन्दनकुमार दत्तको संयोजकत्वमा २० सदस्यीय कोशी बाढीपीडित व्यवस्थापन उच्चस्तरीय कार्यदल गठनसमेत गरेको थियो। सो कार्यदलले यथार्थ प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको पनि १६ वर्ष बितिसकेको छ।

तर अझैसम्म पनि सो प्रतिवेदन पूर्ण रुपमा कार्यान्वयन हुन नसक्दा पीडितहरुले न्याय पाउन सकेका छैनन्।

सो कार्यदलको प्रतिवेदनमा पीडितको वर्गीकरण पनि गरिएको छ। रातो क्षेत्रमा पर्ने पीडित परिवारमध्येबाट जग्गा सुधारका लागि ट्रैक्टर खरिद गर्न चाहनेलाई शून्य प्रतिशतमा कर्जा उपलब्ध गराउने, विभिन्न बैंक तथा वित्तीय संस्थाबाट बाँध फुट्नु अघि पीडितले लिएको सम्पूर्ण ऋण मिनाहा गर्ने, पीडित परिवारलाई नेपालभर निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था तीन वर्षका लागि उपलब्ध गराउनेलगायतको समावेश गरिएको छ।

सो कार्यदलले वैदेशिक तथा स्वदेशी रोजगारीमा बाढीपीडित परिवारका बेरोजगार युवायुवतीलाई प्राथमिकता दिने, वैदेशिक रोजगारीमा सरकारी कोटा उपलब्ध गराई निःशुल्क राहदानी दिनेलगायत अनेकन सुझावहरु समेत सो प्रतिवदेनमार्फत सरकारलाई दिइएको छ।

तर सो प्रतिवेदनमा उल्लेख गरिएका सुझावमध्ये आंशिक मात्रै कार्यान्वयन भएको पीडितहरु बताउँछन्। नियमित उब्जाउ हुने खेतमा बालुवा भरिएपछि अझै अधिकांश कृषकले पूर्ण रुपमा खेतीपाती गर्न नपाएको कोशीपीडित संघर्ष समितिका पूर्वअध्यक्ष पञ्चनरायाण मण्डलले बताए।

घटनाको एक वर्षपछि पुनःस्थापित भए पनि पूर्ववत् अवस्थामा बालीनाली लगाउन नसक्दा जीविका चलाउनै कठिन भएको स्थानीय विन्देश्वर मेहताले गुनासो गरे। १६ वर्ष बित्दा पनि विस्थापित र पुनःस्थापित हुँदाको अवस्थामा उल्लेख्य रुपमा अझैसम्म पनि सुधार हुन नसकेको पीडितहरुको भनाइ छ।

सरकारले कोशीपीडितका लागि सो अवधिमा दुई अर्ब रुपैयाँभन्दा बढी खर्च गरेको जनाएको छ। तर खर्चको प्रभावकारी अनुगमन नगरिएको पीडितले गुनासो गरेको छ। पीडितले अझैसम्म पनि राहत पाएको महसुस गर्न नसकेको स्थानीय अमरेन्द्र झा बताउँछन्।

कृषि, शिक्षा, स्वास्थ्य, पशु, आवास, पुनःस्थापना, पुनर्वास, राहतलगायतको शीर्षकमा सरकारले सहयोग गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। केही कोशी पीडित करोडपति बनेका छन् भने कोही अझै राहतकै पर्खाइमा छन्।


कतिपयले विराटनगर, इटहरी, इनरुवा र सहरी क्षेत्रमा घरजग्गा जोडेका छन्। कतिपय एकछाक टार्ने समस्यामा छन्। केहीले पढाउन नसकेर १४ वर्षदेखि २० वर्षमुनिका छोराछोरीलाई काठमाण्डु तथा भारतीय सहरमा कमाउन रोजगारीका लागि पठाएको स्थानीय अशोक मेहताले बताए।

विस्थापितमध्ये एक हजार ४२२ परिवार सुकुम्वासी थिए। सो सुकुम्वासीमध्येका २३५ सुकुम्वासी परिवारले मात्रै प्रतिपरिवार दुई कठ्ठा जग्गा र घर पाउन सकेका छन्। सो बाढीका कारण ४१ जनाले ज्यान गुमाउनु परेको थियो।






# गाउँमै मालपोत आएपछि स्थानीय खुसी




**टुडे समाचारदाता**

गौशाला । महोत्तरीको गौशालामा मालपोत स्थापना भएपछि स्थानीयवासीहरु निकै खुसी छन् ।

गौशालामा २०७८ साल वैशाखमा स्थापना भएको मालपोत कार्यालयले तीन वर्षपछि बल्लतल्ल गत सोमबारदेखि सेवा दिन थाले पछि स्थानीयवासीहरु निकै खुसी छन् ।

मालपोत कार्यालयले सेवा सुरु गरेपछि गौशाला नगरपालिकाका सुदुर दक्षिणपश्चिमी बस्ती फुलकाहा, मनरवा सोनमा गाउँपालिकाका मगरथाना, खैरबनी, सम्सी गाउँपालिकाका पर्सादेवाड, रघुनाथपुर र औरही नगरपालिकाका अगलेसरा, टिमकिया बस्तीका सर्वसाधारण लाभान्वित भएका छन् ।

हालै सेवा सञ्चालन गरेको मालपोत कार्यालयले जनताका काम पनि शीघ्र सम्पादन गर्दा सर्वसाधारण मक्ख छन् । कर्मचारीले कानुनी अड्चन देखाउँदै 'भोलि आउनू' प्रवृत्ति परित्याग गर्दा आफूहरूलाई वास्तवमा नै गाउँमा सिंहदरबार आएको अनुभव भएको सोनमाको मगरथानाका रामविवेक राय बताए ।

विसं २०७८ वैशाख १७ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भूमि व्यवस्थामन्त्री शशि श्रेष्ठले गौशालामा मालपोत तथा नापी कार्यालय उद्घाटन गर्नुभए पनि कार्यालयसम्बन्धी कागजात जलेश्वरका लेखापढी व्यवसायीले ल्याउन नदिएपछि सेवा सञ्चालन हुनसकेको थिएन ।

गौशालाका उद्यमी, व्यापारी र सामाजिक सङ्घसंस्थाका प्रतिनिधिले साउन २१ गते राति प्रहरी प्रशासनको सहयोगमा कार्यालयसम्बद्ध कागजात र अभिलेख जलेश्वर कार्यालयबाट ल्याइएपछि यहाँ सेवा सञ्चालनको वातावरण बनेको छ ।

# बढ्यो विप्रेषण आप्रवाह, शोधनान्तर स्थिति पाँच खर्ब बचतमा

काठमाण्डु । मुलुकको अर्थतन्त्रका बाह्य सूचकहरु बलियो देखिएका छन् । नेपाल राष्ट्र बैङ्कले आइतबार सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्याङ्कमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार विप्रेषण आप्रवाह अघिल्लो आवको भन्दा बढेको छ । विदेशी मुद्रा सञ्चिति सन्तोषजनक अवस्थामा छभने शोधनान्तर स्थिति रु पाँच खर्बभन्दा बढीले बचतमा छ। आयात र निर्यात दुवै घट्दा वैदेशिक व्यापार घाटा अघिल्लो आवको तुलनामा घटेको छ।



नेपाल राष्ट्र बैङ्कका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा विप्रेषण आप्रवाह १६ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु १४ खर्ब ४५ अर्ब ३२ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्ष विप्रेषण आप्रवाह २३ दशमलव दुई प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु १० अर्ब ८६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३ दशमलव नौ प्रतिशतले बढेको थियो ।

गत आवमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत) लिने नेपालीको संख्या चार लाख ६० हजार एक सय तीन र पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख ८१ हजार एक सय ९९ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः चार लाख ९७ हजार सात सय चार र दुई लाख ७७ हजार दुई सय ७२ रहेको थियो।

राष्ट्र बैङ्कका अनुसार गत आवमा खुद ट्रान्सफर १४ दशमलव सात प्रतिशतले वृद्धि भई रु १५ खर्ब ७१ अर्ब २४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो ट्रान्सफर २२ दशमलव पाँच प्रतिशतले बढेको थियो । गत आर्थिक वर्ष २०८०/८१ मा चालु खाता रु दुई खर्ब २१ अर्ब ३४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष चालु खाता रु ४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो। गत आवमा पुँजीगत ट्रान्सफर २२ दशमलव नौ प्रतिशतले कमी आई रु पाँच अर्ब ८१ करोड पुगेको छभने खुद प्रत्यक्ष वैदेशिक लगानी रु आठ अर्ब ४० करोड कायम भएको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु सात अर्ब ५४ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु छ अर्ब १७ करोड रहेको थियो।

गत आर्थिक वर्षमा शोधनान्तर स्थिति रु पाँच खर्ब दुई अर्ब ४९ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु दुई खर्ब ८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो। विसं २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति ३२ दशमलव छ प्रतिशतले वृद्धि भई २०८१ असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड कायम भएको छ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैङ्कमा रहेको सञ्चिति २०८० असार मसान्तमा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकामा २०८१ असार मसान्तमा ३७ दशमलव चार प्रतिशतले वृद्धि भई रु १८ खर्ब ४८ अर्ब ५५ करोड कायम भएको छ । बैङ्क तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैङ्कबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८१ असार मसान्तमा शून्य दशमलव पाँच प्रतिशतले कमी आई रु एक खर्ब ९२ अर्ब ५५ करोड पुगेको छ । गत असार मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव पाँच प्रतिशत रहेको छ।

गत आर्थिक वर्ष २०८०/८१ को आयातलाई आधार मान्दा बैङ्किङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ दशमलव छ महिनाको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैङ्कले जनाएको छ। गत असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कूल गार्हस्थ उत्पादन, कूल आयात र विस्तृत मुद्रा प्रदायकसँगका अनुपातहरु क्रमशः ३५ दशमलव आठ प्रतिशत, एक सय आठ दशमलव छ प्रतिशत र २९ दशमलव तीन प्रतिशत रहेका छन् ।

विसं २०८० असार मसान्तमा यी अनुपातहरु क्रमशः २८ दशमलव आठ प्रतिशत, ८३ प्रतिशत र २५ प्रतिशत रहेका थिए । गत असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु २१ खर्ब ७६ अर्ब ९८ करोड तथा दायित्व रु १८ खर्ब ९० अर्ब ६० करोड रहेको छ ।रासस

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक संसदमा दर्ता

काठमाण्डु । सरकारले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८१' संसद्मा दर्ता गरेको छ । सरकारको नीति तथा कार्यक्रम एवम् वार्षिक बजेट पेस गर्ने प्रक्रियामा हुने छलफलका लागि पर्याप्त समय उपलब्ध गराउन, बजेट प्रणाली बाहिरका सार्वजनिक निकायबाट सरकारलाई पर्ने थप आर्थिक दायित्वलाई व्यवस्थित गर्न र बेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाउन सरकारले उक्त विधेयक संसद्मा दर्ता गरेको हो ।



सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन, व्यवस्थापन तथा सोसँग सम्बन्धित आर्थिक गतिविधिलाई व्यवस्थित गर्ने उद्देश्यसहित ल्याइएको यो विधेयक अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गत शुक्रबार संसद्मा दर्ता गर्नुभएको हो । मन्त्रिपरिषद्को गत असार १७ गतेको निर्णयले यो विधेयक संसद्मा पेस गर्न स्वीकृति प्रदान भएको थियो । गत माघमा सरकारले अध्यादेशमार्फत यो ऐन संशोधनको प्रक्रिया थालेको थियो तर तोकिएको समयभित्र अध्यादेश संसद्बाट पारित हुन सकेन ।प्रदेश, स्थानीय तह र बजेट प्रणालीबाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले त्यस्तो तह वा निकायसँग सम्बन्धित प्रचलित कानुनको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयको स्वीकृतिबमोजिम लेखा राखिने व्यवस्था विधेयकमा थप गरिएको छ।

राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्ने प्रावधानलाई संशोधन गर्न लागिएको छ । विधेयकमा माघ मसान्तसम्ममा बजेट सिलिङ तयार पारिसक्नुपर्ने उल्लेख छ।

त्यस्तै, योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा रहने राष्ट्रिय स्रोत अनुमान समितिले तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारणसम्बन्धी प्रतिवेदन अर्थमन्त्रीसमक्ष फागुन ७ गतेभित्रमा पेस गरिसक्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ । "स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेटको सीमा, मध्यमकालीन खर्च संरचनाको खाका, राष्ट्रिय गौरवका आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकमसमेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनुपर्नेछ", विधेयकमा भनिएको छ।

मूल ऐनको दफा ११ मा पनि संशोधन प्रस्ताव गरिएको छ । प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिन अगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गर्नुपर्ने व्यवस्था संशोधन गर्न लागिएको छ । विधेयकको व्यवस्थाअनुसार तीन महिना अगावै बजेटका सिद्धान्त तथा प्राथमिकता सङ्घीय संसद्मा पेस गरिसक्नुपर्नेछ । बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण सङ्घीय संसद्मा पेस भएपछि सङ्घीय संसद्ले सो उपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नुपर्ने वा हटाउनुपर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा चैत महिनाको १५ गतेभित्र त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाइसक्नुपर्नेछ।

त्यसैगरी, मूल ऐनको दफा २१ मा पनि संशोधन प्रस्ताव गरिएको छ । विभिन्न निकाय तथा अन्तर्गतका कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको पहिलो चौमासिकसम्ममा विभाजन नगरेमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्ने व्यवस्था थियो। त्यसलाई 'पहिलो चौमासिकसम्म' भन्ने शब्दको सट्टा 'असोज मसान्तसम्म' भन्ने शब्द राखिएको छ । अर्थात् विभाजन गर्नुपर्नेगरी विनियोजन भएको रकम पहिलो त्रैमासभित्र हुन नसकेमा अर्थ मन्त्रालयले रोक्का राख्न सक्नेछ।

विधेयकमार्फत बजेट समर्पण (सरेन्डर) सम्बन्धी व्यवस्थामा पनि संशोधन गर्न लागिएको छ । हालको व्यवस्थाअनुसार विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत १४ गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गरिसक्नुपर्ने प्रावधान छ। त्यसलाई संशोधन गरी माघ १५ गतेसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने देखिएमा फागुन १५ गतेभित्र बजेट समर्पण गरिसक्नुपर्ने व्यवस्था विधेयमा राखिएको छ ।रासस

## दुग्ध किसानको रकम भुक्तानीका लागि प्रयास जारी छ: मन्त्री अधिकारी

काठमाण्डु । कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले दूध किसानको समस्याबारे आफू जानकार रहेको भन्दै जसरी पनि भुक्तानी पाउनुपर्नेमा जोड दिनुभएको छ। उहाँले यसका लागि अर्थ मन्त्रालयसँग कुरा गरिरहेको पनि जानकारी दिनुभयो।

राष्ट्रिय दुग्ध विकास बोर्डको समन्वयमा आइतबार भएको दुग्ध व्यवसायीसहित सरोकारवालाको छलफलका क्रममा मन्त्री अधिकारीले किसानसँग उधारोमा दूध लिने डेरी तथा उद्योगीले उक्त रकम अन्यत्र लगाउने गरेको बताउनुभयो। आफू दूग्ध किसानको समस्या समाधान गर्नेतर्फ केन्द्रित रहेको बताउदै मन्त्री अधिकारीले दुग्ध विकास संस्थान (डिडिसी)मार्फत किसानलाई बाँकी रकम भुक्तानी गर्ने प्रयास लागि रहेको जानकारी दिनुभयो।

मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले दुधको उत्पादन बढदै जाँदा यस्को व्यवस्थापन कसरी गर्ने भन्नेमा अध्ययन गर्न बोर्डलाई निर्देशन दिनुभयो। बोर्डका कार्यकारी निर्देशक डा राजेन्द्रप्रसाद यादवले दुधको मूल्य समयोजन बैज्ञानिक रहेको जनाउँदै दुग्ध किसानको रकम भुक्तानीमा सबै पक्ष गम्भीर बन्नुपर्ने बताउनुभयो ।रासस

# मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन संशोधन गर्न माग



काठमाण्डु । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, अन्तर्राष्ट्रिय महासन्धि 'पालेर्मो प्रोटोकल'अनुसार संशोधन गर्नुपर्ने सरोकारवालाको माग रहेको छ।

संयुक्त राष्ट्रसङ्घले अन्तरदेशीय सङ्गठित अपराधलाई संयुक्त रुपमा सम्बोधन गर्न अन्तरदेशीय सङ्गठित अपराधविरुद्ध महासन्धि जारी गरेको थियो । तीनवटा 'प्रोटोकल' समेटिएको 'पालेर्मो प्रोटोकल'लाई नेपालले १६ जुन २०२० मा अनुमोदन गरेको थियो। प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिको आइतबारको बैठकमा महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) ले उक्त ऐन संशोधनका बुँदा प्रस्तुत गरेको थियो।

मानव बेचबिखनविरुद्ध काम गर्ने ४४ वटा संस्थाको सङ्गठित समूह (एटविन) का कार्यकारी निर्देशक बिनु माया गुरुङले ऐनको परिभाषा नै सङ्कुचित रहेको बताउनुभयो । उहाँका अनुसार ऐनमा महिलाको शारीरिक बेचबिखन मात्रै मावन बेचबिखनमा साँघुरो पारिएको छ । यसलाई 'पालेर्मो प्रोटोकल'मा उल्लेख गरे जस्तै, श्रम शोषणबारे पनि सम्बोधन गरिनुपर्ने उहाँको भनाइ छ। पीडितको गोपनीयता, बाल अधिकार, बाल शोषणजस्ता विषयमा ऐन संशोधनको आवश्यकता रहेको उहाँले उल्लेख गर्नुभयो । बैठकमा गृहन्त्रालयका निमित्त सचिव चक्रप्रसाद अधिकारीले समयसापेक्ष मानव बेचबिखनका तरिका फेरिँदै गएको र यसको न्यूनीकरणमा सरोकारवाला, राज्य र प्रहरी संयन्त्रसहित सबैको दायित्व हुने बताउनुभयो।

समितिका सदस्यहरुले मानव बेचबिखन नियन्त्रणका उपायबारे सुझाव दिनुभएको थियो । अधिकांश सांसदले सीमा क्षेत्रमा कडाइ गर्न सके धेरै हदसम्म बेचबिखन न्यूनीकरण गर्न सकिने धारणा राख्नुभएको थियो। सांसद जावेदा खातुनले मानव बेचबखिनको सबैभन्दा जोखिम भारत खुल्ला सिमाना क्षेत्र भएको बताउँदै नियन्त्रणका लागि सिसी टिभीको निगरानी र परिचयपत्र अनिवार्य रुपमा हेर्नुपर्ने सुझाव दिनुभयो। सांसद रोशन कार्कीले सीमामै कडाइ गर्न गृहमन्त्रालयले जोड दिनुपर्ने बताउनुभयो। सांसद ईश्वरबहादुर रिजालले नियन्त्रण संयन्त्र बलियो बनाउनुका साथै जनचेतना र रोजगार सिर्जना गर्नेतर्फ राज्य तत्पर हुनुपर्ने बताउनुभयो ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



रक्षाबन्धनको पूर्वसन्ध्यामा आइतबार जनकपुरधाममा राखी किनमेल गर्दै स्थानीय । रक्षाबन्धनमा दिदीबहिनीले दाजुभाइको सुस्वास्थ्य, दीर्घायु तथा प्रगतिको कामना गर्दै राखी बाँध्ने चलन छ ।

*तस्बिर : संजय कुमार यादव*

# प्रधानमन्त्री ओलीले हिमताल विस्फोट र क्षतिबारे जानकारी लिनुभयो



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५, थामेखोलामा गत साउन ३२ को हिमताल बिस्फोट र त्यसबाट भएको क्षतिको प्रारम्भिक विवरणबारे आइतबार जानकारी लिनुभएको छ ।

घटनास्थलमा पुगेर फर्किनुभएका रक्षामन्त्री मानवीर राई, जनप्रतिनिधि र सम्बन्धित निकायका उच्चाधिकारीबाट आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सिंहदरबारमा प्रधानमन्त्री ओलीलाई सो विवरण अवगत गराइएको हो । त्यहाँको अवस्थाबारे जानकारी लिएपछि प्रधानमन्त्री ओलीले केन्द्र सरकारका तर्फबाट तत्काल गर्नुपर्ने काम र निर्णय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा रक्षामन्त्री राई, सङ्घीय सांसद सोनाम गेल्जेन शेर्पा, कोसी प्रदेशसभा सदस्य बुद्धिबहादुर राजभण्डारी, मुख्यसचिव लीलादेवी गड्तौला, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल, गाउँपालिकाका अध्यक्ष मिङ्मा छिरी शेर्पा, उपाध्यक्ष टासी ल्हमु शेर्पालगायत उपस्थित हुनुहुन्थ्यो ।

स्थलगत प्रतिवेदनमा तत्कालका लागि खाद्यान्नलगायतका राहत र क्षतिपूर्तिका साथै बिजुली, टेलिफोनलगायत अत्यावश्यक सेवा सञ्चालन हुनुपर्ने उल्लेख छ । क्षतिको विस्तृत विवरण अध्ययन गरी अन्य हिमतालको जोखिमको अवस्थाबारे विभिन्न क्षेत्रका विषय विज्ञको संयुक्त टोलीबाट अध्ययन हुनुपर्ने र पुनःनिर्माणको योजना बनाइ कार्यान्वयन गर्नुपर्ने जनाइएको छ ।

विस्फोटपछिको बाढी र पहिरोका कारण १७ घर र एक विद्यालय ध्वस्त भएको थियो । दिउँसोको समयमा घटना भएको र पूर्वसूचना प्रणाली अपनाइएकाले मानवीय क्षति हुनबाट जोगिएको प्रतिवेदनमा उल्लेख छ ।रासस

# 'रेडिमेड'ले विस्थापित गऱ्यो हातले बुन्ने राखी

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-२ छपकैयाका राजु श्रीवास्तवले दुई दशकअघिसम्म आफ्नै हातले बुनेका रक्षाबन्धन (धागोका डोरा-राखी) बेच्ने गर्नुहुन्थ्यो । श्रीवास्तवले हातले विशेष खालको फोममा रङ्गीचङ्गी धागोको सहायताले रक्षाबन्धन तयार पारेर बेच्नुहुन्थ्यो । समय बितेसँगै अहिले उहाँको परिवारले हातले बुनेर राखी तयार पार्न



छाडिसकेको छ ।

बजारमा आउने थरीथरीका रङ्गीचङ्गी राखीसँग हातले बुनेको राखीले प्रतिस्पर्धा गर्न नसकेसँगै बनाउन छोडेको उहाँ बताउनुहुन्छ । "पहिला हातले आफैँ राखी बनाएर बेच्ने गर्थ्यौँ", उहाँले भन्नुभयो, "हाम्रो पुस्तैनी पेसा पनि राखी बनाउने पनि थियो, त्यो बेला विशेष खालको फोममा विभिन्न बुट्टेदार रङसहितको धागोले राखी तयार पार्ने गर्थ्यौं ।"

उहाँ बजारमा आउने कलात्मक र रङ्गीचङ्गी 'रेडिमेड' राखीसँग हातले बुनेर तयार पार्ने राखीले प्रतिस्पर्धा गर्न नसकेर बन्द गर्नुपरेको गुनासो गर्नुहुन्छ । अहिले श्रीवास्तव आफैँ नेपाल-भारतको सीमावर्ती बजार रक्सौलबाट किनेर ल्याएका राखी वीरगञ्जको गहवामाई मन्दिर प्राङ्गणमा बिक्री वितरण गर्दै आइरहनुभएको छ । यस वर्ष रक्षाबन्धन पर्व भोलि अर्थात् भदौ ३ गते परेको छ । यो वर्ष साउन शुक्ल पूर्णिमाका दिनमा मनाउने गरिन्छ । तराई-मधेसमा दिदीबहिनीले आफ्ना दाजुभाइको दाहिने नाडीमा कलात्मक ढङ्गले बनाएको राखी लगाइदिने चलन रहेको छ ।

"अहिले बजारका रङ्गीचङ्गी रक्षाबन्धनले हातले मेहनत गरेर बुनेका रक्षाबन्धनलाई विस्थापित गऱ्यो, त्यसैले अहिले बजारमा नै पाइने रेडिमेड रक्षाबन्धन ल्याएर बिक्री गर्दै आइरहेका छौं ।" उहाँको अनुभवमा पहिला जस्तो राखी किनमेलमा पनि सर्वसाधारणको रुचि कम हुँदै गइरहेको छ । "अहिले अधिकांश मधेसका युवा खाडी मुलुकमा कामको खोजीमा गएका छन्", उहाँले भन्नुभयो, "दिदीबहिनीले पनि आफ्ना दाजुभाइ यहाँ नभएपछि के का लागि राखी किन्ने हो र ?" श्रीवास्तव जस्तै वीरगञ्जको माईस्थानमा मौसमी रुपमा बर्सेनि राखीको व्यापार गर्दै आइरहनुभएका नन्दु साह पनि राखीको व्यापार घटेको बताउनुहुन्छ । "पहिला दिनकै रु १० हजारभन्दा धेरैको राखी बेचिन्थ्यो", उहाँले विगत स्मरण गर्दै भन्नुभयो, "अहिले मुस्किलले रु दुई हजारको राखी बेच्न पनि मुस्किल भइसक्यो ।"

साहका अनुसार नेपाल-भारत सीमावर्ती बजार रक्सौलमा नै अधिकांश वीरगञ्जबासी खाद्यान्न, लत्ताकपडा र अन्य सामग्री किनमेल गर्न जाँदा उतैबाट राखी पनि किनेर आउँदा यहाँको बजारमा राखीको व्यापार घटेको छ । "अहिले यहाँका जो पनि रक्सौल नै किनमेलका लागि जान्छन्, उतैबाट राखीको सामान किनेर ल्याउँदा पनि समस्या भइरहेको छ", उहाँले भन्नुभयो, "अर्कोतर्फ वीरगञ्जको गल्लीगल्लीमा सबैले राखीको मात्रै व्यापार गर्दा पनि समस्या भएको हो ।"यस वर्ष रु ५० हजार रकम खर्चेर विभिन्न थरीका राखी ल्याएर बिक्री वितरण गर्न लागेको उहाँले सुनाउनुभयो । उहाँले भन्नुभयो, "अहिले सबै राखी बेच्न पनि समस्या हुने हो कि भन्ने डर लागिरहेको छ ।" उहाँका अनुसार वीरगञ्जको पुरानो बजार मिनाबजार, गहवामाई मन्दिर परिसर, बिर्तालगायत ठाउँमा धेरै राखीको व्यापार हुने गर्छ ।

"पहिला-पहिला राखीको व्यापार गर्ने व्यापारी पनि निकै कम हुन्थे, तर अहिले जसले पनि राखीको व्यापार गर्नसक्ने भएकाले पनि बिक्री वितरण घटेको जस्तो लाग्छ", उहाँ भन्नुहुन्छ । वीरगञ्ज महानगरपालिका-६ गहवामाईका राज सिंह पनि राखीको पर्याप्त व्यापार नभएकामा दुखी हुनुहुन्छ ।"पहिला जस्तो राखी किन्ने मान्छेको उत्साह खासै देखिएको छैन", उहाँले भन्नुभयो, "आज दिनभर र सोमबार अपराह्न २ बजेसम्मको अवधिमा राखी बिक्री हुने आशा गरेका छौं ।रासस

# अधिकांश विद्यालयमा शिक्षक दरबन्दी न्यून

बरहथवा । सर्लाहीका अधिकांश विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीसमेत अभाव हुँदा पठनपाठन प्रभावित भएको छ । जिल्लाका अधिकांश विद्यालयमा न्यूनतम आवश्यकताभन्दा पनि धेरै कम शिक्षक दरबन्दी रहेको छ ।




दरबन्दीअनुसार शिक्षक दरबन्दी पर्याप्त नभएका कारण ५ कक्षासम्मका विद्यार्थीलाई दुई शिक्षकशिक्षिकाले पढाउनु परेको गोडैता नगरपालिका-२, जयपुरमा रहेको जनता आधार भूत विद्यालयका प्रधानाध्यापक गर्बु महतोले बताउनुभयो ।शिक्षा विकास तथा समन्वय इकाइका अनुसार शिक्षकको दरबन्दी न्यूनतम आवश्यकताको पनि आधाभन्दा कम रहेको पाहिएको हो । यस जिल्लामा चार सय ४७ वटा सामुदायिक, एक सय ९८ वटा संस्थागत र ७२ वटा धार्मिक विद्यालय सञ्चालनमा रहेको शिक्षा विकास तथा समन्वय इकाइ सर्लाहीका प्रमुख तारापति खरेलले जानकारी दिनुभयो ।

जिल्लामा सङ्कलित विद्यालय र त्यसमा अध्यनरत छात्रछात्राको अनुपातमा शिक्षक दरबन्दी निकै कम रहेको तथ्याङ्कले देखाएको छ । विद्यार्थी र विद्यालयको अनुपातमा कम्तीमा जिल्लामा दुवै प्रक्रियाबाट न्यूनतम पाँच हजार तीन सय २७ वटा शिक्षक दरबन्दी आवश्यक रहेको कार्यालय प्रमुख खरेलले बताउनुभयो । शिक्षक दरबन्दी अभावका कारण जिल्लामा अधिकांश विद्यालय सङ्कटमा परेका उहाँको भनाइ छ । आन्तरिक स्रोत जुटाउन सक्ने केही पालिकाले शिक्षक राखेका छन् ।

जिल्लामा प्राविधिक धारतर्फ भने शिक्षक दरबन्दी आवश्यकताअनुसार नै रहेको उहाँले बताउनुभयो । पशु विज्ञान, बाली विज्ञान, कम्प्युटर, सिभिल इन्जिनियरिङ गरेर जिल्लामा नौवटा प्राविधिक धारतर्फका विद्यालयहरू छन् । त्यसका लागि ७३ वटा शिक्षक दरबन्दी रहेको छ । शिक्षक पर्याप्त नभएका कारण पठनपाठन प्रभावित हुने गरेको हरिपुर्वा नगरपालिकास्थित जनता माध्यामिक विद्यालयका छात्र रामविश्वास रायले गुनासो गर्नुभयो । "विद्यालयमा सधैँ शिक्षक अभाव हुन्छन् । हामीले किताब पढ्नै नपाई परीक्षा दिनुपरेको छ", उहाँले भन्नुभयो ।

यस्तै, सुस्त श्रवण पाँच, सुस्त मनस्थिति तीन र दृष्टिविहीनका लागि एक विद्यालय सञ्चालन भइरहेका हुन् । दशवटा माविमा नमूना कार्यक्रम सञ्चालन भइरहेको शिक्षा समन्वय कार्यालय मलङ्गवाका प्राविधिक सहायक सुनिलप्रसाद कुशवाहले जानकारी दिनुभयो । २०५८ सालमा कायम भएको स्वीकृत शिक्षक दरबन्दी र २०६७ सालमा कायम राहत अनुदान शिक्षक दरबन्दीकै भरमा विद्यालयमा पठनपाठन गराउनु परिरहेको बागमती नगरपालिका-२, घरहरामा रहेको जनबाल कल्याण माविका प्रधानाध्यापक प्रकाशबहादुर जिम्बाको भनाइ छ । त्यसयता विद्यालयको स्तर उन्नति तथा विद्यार्थीको अनुपातमा भएको वृद्धिका कारण थोरै दरबन्दीमा पठनपाठन सकसपूर्ण भएको उहाँले बताउनुभयो ।

तीनवटै सरकार शिक्षा क्षेत्रमा भएको समस्या समाधानम उदासीन देखिएका शिक्षासेवी तथा नागरिक समाजका अगुवा उग्रकान्त मिश्रको दाबी छ । बालबालिकाले न्यूनतम मात्रामा शिक्षक समेत नपाउनु विडम्बना भएको उहाँको भनाइ छ । जिल्लामा सबै तहका गरी एक लाख ३४ हजार सात सय ९९ छात्रा र एक लाख ४२ हजार पाँच सय ६१ जना छात्र गरी कूल दुई लाख ७७ हजार तीन सय ६० जना छात्रछात्रा अध्यनरत छन् । तराईका जिल्लामा प्राविमा प्रतिशिक्षक ५० जना र मावि तहमा प्रतिशिक्षक अधिकतम ४० जना विद्यार्थी रहने सङ्घीय शिक्षा ऐनमा उल्लेख छ ।रासस

# राजनीतिक रूपमा सचेत मानिसले मात्र शिक्षा क्षेत्रको विकास गर्न सक्छः महासचिव पोखरेल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले मुलुकको आर्थिक अवस्थामाथि उकास्नका लागि अहिलेको मुख्य कार्यभार रहेको बताउनुभएको छ । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको २३औं राष्ट्रिय परिषद् बैठकलाई आज यहाँ सम्बोधन गर्नुहुँदै उहाँले राजनीतिक अस्थिरता, सामाजिक अराजकता, सामाजिक तथा मौलिक संस्कृतिमाथि तीव्र आक्रमण, कमजोर आर्थिक अवस्थालगायत कारणले देश कमजोर अवस्थामा रहेकाले त्यसबाट मुक्त गराउनु अहिलेको मुख्य कार्यभार भएको धारणा राख्नुभयो ।



महासचिव पोखरेलले सार्वजनिक शिक्षामा देखिएको चुनौती समाधानको आवश्यकता औंल्याउनुहुँदै त्यसको समाधान शिक्षक सङ्गठनले मात्र गर्न सक्ने जिकिर गर्नुभयो । राजनीतिक रूपमा सचेत मानिसले मात्र शिक्षाको विकास गर्न सक्ने उहाँको भनाइ थियो । "हिजो नेपालको राजनीतिक जागरणमा जसरी नेपालका शिक्षकले भूमिका खेलेका थिए, आज समाज बन्दै गरेको नकारात्मक भाष्य चिर्ने काम पनि शिक्षकबाट नै सम्भव छ", महासचिव पोखरेलले भन्नुभयो ।

उहाँले समाजको सचेत वर्ग सार्वजनिक शिक्षाबाट बाहिरिएका कारण नेपालको सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर खस्कँदै गएको बताउनुभयो । "घरमा राम्रो पढ्ने वातावरण र अवस्था नभएका धेरै विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययन गर्छन् । उनीहरूको पढाइको स्तर सुधार गर्न निक्कै कठिन भए पनि सुधार नगरी नहुने अवस्था छ । यसमा सबैले सकारात्मक पहलकदमी लिनुपर्ने आवश्यकता छ । शिक्षक सङ्गठनहरूले यसतर्फ विशेष ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो ।

महासचिव पोखरेलले देशमा देखिएका समस्या समाधान र राजनीतिक स्थायित्वका लागि एमाले र नेपाली कांग्रेसको संयुक्त सरकार बनेको दोहोऱ्याउनुभयो । राजनीतिक परिवर्तनको समयमा धेरै राजनीतिक दल भए पनि फरक नपर्ने भन्नुहुँदै उहाँले देश बनाउन भने बलिया राजनीतिक दल आवश्यक रहेकामा जोड दिनुभयो । देश विकासका लागि दूरदर्शी नेतृत्व, बलिया राजनीतिक दल र राजनीतिक स्थायित्व आवश्यक पर्ने महासचिव पोखरेलको भनाइ छ । "नेपालमा बलियो राजनीतिक शक्ति नबन्दासम्म विकास हुन सक्दैन । देश र समुदायको हितका लागि बलिया सङ्गठन आवश्यक पर्ने हुँदा यही सोचका साथ नयाँ ढङ्गले अघि बढ्नुपर्ने आवश्यकता छ । यही कुरालाई ध्यानमा राखेर हाल देशका बलिया राजनीतिक दल एक ठाउँमा मिलेर सरकार बनाएका छौं", उहाँले अगाडि भन्नुभयो,"देश विशिष्ट अवस्थामा रहेको हुँदा लोकतन्त्र र स्थायित्वका आधार निर्माणका गर्न एमाले-कांग्रेस एकठाउँमा उभिएका छौं, त्यो आधार निर्माण हुनेबित्तिकै दुई ठूला राजनीतिक दल स्वच्छ र स्वस्थ प्रतिस्पर्धामा उत्रिन्छौं ।"रासस

# विपद्मा परी अहिलेसम्म एक सय ८२ को मृत्यु

काठमाण्डु । अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत मनसुनजन्य विपद्मा परी आइतबार दिउँसोसम्म एक सय ८२ जनाको मृत्यु भएको छ ।

बाढी, पहिरोलगायत विपद्मा परी काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ३२, गण्डकी प्रदेशमा ५५, लुम्बिनी प्रदेशमा ३६, कर्णाली प्रदेशमा १० र सुदूरपश्चिम २८, कोशी प्रदेशमा ४९, बागमती प्रदेशमा १२, गण्डकी प्रदेशमा १४, लुम्बिनी प्रदेशमा तीन, कर्णाली प्रदेशमा दुई र सुदूरपश्चिम प्रदेशमा पाँच जना गरी एक सय १३ जनाको उद्धार गरिएको पनि प्रवक्ता कार्कीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बाढीपहिरामा परी कोशी प्रदेशमा तीन, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक



प्रदेशमा ११ जना गरी एक सय ८२ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो ।

उहाँकानुसार बाढीपहिराका कारण काठमाडौं उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, बागमती प्रदेशमा २३, गण्डकी प्रदेशमा ४६, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा ५७ र सुदूरपश्चिम प्रदेशमा २८ जना गरी दुई सय ३३ जना घाइते भएका छन् ।

यसैगरी काठमाडौं उपत्यकामा र सुदूरपश्चिम प्रदेशमा एक जना गरी ५० जना वेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी छ ।"

बाढीका कारण आइतबारसम्म तीन सय ८४ घर डुबानमा परेका, तीन सय २१ घर, एक सय ११ गोठ, ५१ पुल, चार विद्यालय र दुई सरकारी कार्यालयमा क्षति पुगेको प्रहरीले जनाएको छ । बाढीपहिरामा परी सोही अवधिमा आठ सय ३८ पशुचौपाया मरेका छन् । यस्तै चार हजार सात सय ८७ परिवार विस्थापित भएका प्रहरी प्रवक्ता कार्कीले बताउनुभयो ।रासस


## बर्दिवास जनसेवा हस्पिटल प्रा.लि.

**बर्दिवास न.पा.– ३, गौरीडाँडा, महोत्तरी**

## कर्मचारी आवश्यकता

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०२**

यस बर्दिवास जनसेवा हस्पिटल प्रा.लि.मा तपसिल बमोजिमका कर्मचारीहरु आवश्यकता रहेको हुदाँ दक्ष अनुभवि नेपाली नागरिकहरुवाट सूचना प्रकाशित मितिले ७ दिन भित्र तल उल्लेखित पदहरुको लागि दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

| क्र.स. | पद | न्यूनतम योग्यता | संख्या |
|---|---|---|---|
| १. | स्टाफ नंस (Staff Nurse)/अ.न.मि. (ANM) /सि.एम.ए. (CMA) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित कोर्स पुरा गरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको । सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको । | १० |
| २. | हेल्थ असिस्टेन्ट (HA) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित कोर्स पुरा गरी काउन्सिलमा दर्ता भएको । सम्बन्धित क्षेत्रमा कार्यअनुभव भएको । | १० |

**आवश्यक कागजातहरू**

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. कम्तीमा २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क नम्बरसहित व्यक्तिगत विवरण ।
३. सम्बन्धित विषयमा उतिर्ण र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन, १ प्रति फोटो ।
४. सम्बन्धित क्षेत्रमा कार्यअनुभव भएको प्रमाणपत्रको प्रतिलिपि ।
५. कम्प्युटर सम्बन्धि राम्रो ज्ञान भएको ।
६. ICU/NICU मा कार्यअनुभव भएकोलाई विशेष ग्रहायता ।

*ईमेल मार्फत समेत सम्बन्धित पदको लागि दरखास्त दिन सकिनेछ ।*

*दरखास्त दिने अन्तिम मितिः यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बेलुका ५:०० बजे सम्म ।*

## सम्पर्क ठेगानाः


**बर्दिवास जनसेवा हस्पिटल प्रा.लि. बर्दिवास (गौरीडाँडा), महोत्तरी**

bardibasjanasewa1111@gmail.com

**"जनसेवाको अभियान, स्वस्थ समाजको निमार्ण"**

**दरखास्त सम्बन्धि आवश्यक जानकारीको लागि सम्पर्क**

**९८५४०४१५०१/९८५४०४१५०२/९८५४०४१५०४**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रजातान्त्रिक मूल्य मान्यताको क्षयीकरण

सत्ता केन्द्रित राजनीति र सत्ताका लागि सिद्धान्त, संस्कार र विचारलाई तिलाञ्जली दिने प्रवृत्ति प्रजातान्त्रिक मूल्य मान्यताका लागि मृगतृष्णा मात्रै हुन सक्छ । प्रजातान्त्रिक मूल्य मान्यता मात्र शासन प्रणालीका होइन यो त सिद्धान्त, संस्कृति, प्रक्रिया र  जवाफदेहिताप्रतिको एकीकृत विश्वास हो । यसको अभावमा लोकतन्त्र चल्न र फस्टाउन सक्दैन । लोकतान्त्रिक मूल्य मान्यता शब्द मात्र होइन  यो जीवन पद्धति हो, जनताप्रति उत्तरदायी प्रणाली हो । यो अनुशरण मात्र होइन, यसको चिन्तन र चरित्र पनि लोकतान्त्रिक भएपछि मात्र जनताले अनुभूति गर्छन् । दलहरुले लोकतान्त्रिक संस्कारको अभ्यास गर्दा अनुत्तरदायी प्रवृत्ति त्याग्नु जरुरी हुन्छ । अधिनायकवाद, सर्वसत्तावाद, सामन्तवादका साथै मठाधीश प्रवृत्ति लोकतान्त्रिक पद्धतिका लागि घातक मानिन्छ ।  मधेश नेपाली राजनीतिको उपज भूमि हो, उद्भव भूमि हो । दुर्गानन्ददेखि महेन्द्रनारायण निधि, रामनारायण मिश्र, कामेश्वर कुशेश्वर, सरोज कोइराला, राम लक्ष्मण, शेख इद्रिसको संघर्ष, बलिदान, योगदानको भूमि हो तर वर्तमानमा लोकतन्त्रलाई आवरणमा राखी अन्तर्य अलोकतान्त्रिक शैलीको बाहुल्यताले आपराधिक, कुशासन, व्यभिचार, भ्रष्टाचार, प्रतिभा पलायन, आत्महत्या, नैराश्य, नातावाद, बेरोजगारी, हिंसा, हत्या,  आतंक र अराजकता मौलाउँदै गएका कारण मूल्य मान्यता  औपचारिकताका लागि मन्त्र झैं.छ यथार्थमा संयन्त्र अलोकतान्त्रिक छ । प्रादेशिक संरचनामा झन यसले मौलाउँदै गएका दृष्टान्तले यसको क्षयीकरण भइरहेको महसुस हुँदै छ । लोकतन्त्रका पर्याय भनिने नेपाली कांग्रेसमा पार्टी सभापतिले नै गुटगत आँखाले राज्य सञ्चालन गर्ने मनोविज्ञानले ग्रसित भएका आरोप बढ्दै जानु मधेशमा प्रजातान्त्रिक मूल्य मान्यताको निरीह अवस्थालाई संकेत गर्छ । नेपाली कांग्रेसका प्रदेश सभापति नै संसदीय दलका नेता रहे पनि प्रदेश सरकार हरुमा कांग्रेसको उपस्थिति राम्रो मन्त्रालय लिने र विकृति विसंगतिलाई प्रश्रय दिने, नियुक्तिहरुमा आर्थिक चलखेल गरी ठेकेदारी मनोवृति प्रदर्शन गर्ने गरेको असन्तुष्टि तीव्र छ । मधेशका कांग्रेसका सभापति जसपा , जनमतको गोटीका रुपमा प्रयोग भइरहेको बताउँदै यहाँ आयोजित एक कार्यक्रममा काग्रेसका कार्यकर्ताले कांग्रेसको अनुहार मात्र छ जस्ता आरोप लगाउनु सोचनीय विषय हो । संघीयता, प्रजातन्त्रको जननी मानिएको मधेशमा यस किसिमको प्रवृति मौलाउँदै जानु मधेशको आन्तरिक कमजोरीलाई दर्शाउँछ । निन्दा गर्नेलाई पाखा लगाउने प्रवृति लोकतान्त्रिक मूल्य मान्यताका लागि श्रेयस्कर मानिदैन, यो क्षयीकरणको बोधक हो, न विधि, न विधान, न आन्तरिक लोकतन्त्र, न छलफल, न उत्तरदायित्व मात्र प्रोपगण्डा, पपुलिज्मले लोकतान्त्रिक मूल्य मान्यताको ह्रास नै हो । यसप्रति सजग हुनु जरुरी छ ।

# प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणाली किन ?

**मिङ्माडण्डु शेर्पा**

कुनै पनि राष्ट्रलाई सुशासन, सामाजिक न्यायसहित समृद्धिको दिशातर्फ उन्मुख गराउने हो भने स्थिर सरकार अनिवार्य आवश्यकता हो । तर, स्थिर सरकार निर्माण कसरी हुन्छ ? स्थिर सरकार बनाउन मौजुदा संविधानमा कुन मुद्दा संशोधन गर्दा उपयुक्त हुन्छ वा स्थिरताको बाधक के हो ? भन्ने विषयको पहिचान हुन आवश्यक छ ।

नेपालको राजनीतिक इतिहासमा २०४६ सालको जनआन्दोलन पछि आजका दिनसम्म करिब तीन दर्जन सरकार बनेका छन् । २०४६ देखि २०६३ सम्म एउटा परिस्थिति र प्रक्रियामा सरकार गठन पुनर्गठन भए । त्यसपछि संविधानसभा हुँदै संविधान जारी भए पश्चात् आजसम्म आइपुग्दा अर्को परिस्थिति र प्रक्रियामा सरकार गठन तथा पुनर्गठन भइरहेका छन् । प्रक्रिया फेरिए पनि सरकार बदलीको रफ्तार बदलिएको छैन । त्यसैले अब बुझ्नै पर्ने भएको छ कि स्थिर सरकार किन र कसरी बन्न सकेनन् ? इतिहासमा बनेका सरकारहरू कस्ता थिए र किन टिक्न सकेनन् ? यो बुझ्नु पनि आवश्यक छ ।

### अस्थिर सरकारका कारक

देशको शासकीय स्वरूपमा जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली, पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रदेशका मुख्यमन्त्रीहरू पनि प्रदेश भरिका मतदाताबाट प्रत्यक्ष निर्वाचित हुने व्यवस्था अभ्यासमा नल्याएसम्म सत्ता अस्थिरता हट्ने देखिँदैन । त्यसैले अब संविधान संशोधनमार्फत तत्काल माथि उल्लेखित व्यवस्था आवश्यक छ । दुई प्रमुख दलले सत्ता साझेदारीका लागि गरेको सहमतिमा संविधान संशोधनको पनि विषय समेटिएको छ । के उनीहरू यस विषयमा संविधान संशोधन गर्न तयार छन् ?

स्मरण होस्, तत्कालीन एकीकृत नेकपा माओवादीले २०७२ असारमा संविधान मस्यौदा समितिमा देशको शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्ने सहित १२ बुँदे फरक मत पेस गरेको थियो । संविधानसभाबाट २०७२ असोज ३ मा संविधान जारी भयो । त्यस समयमा तत्कालीन एकीकृत नेकपा माओवादी पार्टी प्रमुख प्रतिपक्षी दलको हैसियतमा थियो । त्यस बेला मुख्यतः नेपाली कांग्रेस र नेकपा एमाले मान्न तयार नभए पछि अन्ततः एकीकृत माओवादीले फरक मतका बाबजुद संविधानमा हस्ताक्षर गऱ्यो । संविधानसभाबाट २०७२ असोज ३ गते नेपालमा संविधान जारी भयो । यस संविधानले देशको शासकीय स्वरूपमा आलङ्कारिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री हुने व्यवस्था गऱ्यो ।

### समावेशिता र संघीयता हटाएर राजनीतिक स्थिरता सम्भव छ ?

वर्तमान संविधानको भाग १ को धारा ४ मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौम सत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य हो भनी लेखिएको छ । संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्रका रूपमा स्थापित गरेको छ । यस संविधानमा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुने छ, भनी स्पष्ट पारिएको छ । समानुपातिक समावेशिता, पहिचान र प्रतिनिधित्वको आधार नै सङ्घीयता हो । यि सबै पक्षले स्थायित्वको बाटो देखाएको छ । तर, सत्ताको लागि जे पनि कुकर्म गर्न तयार हुने व्यवहार, चरित्र र मानसिकता नै राजनीतिक अस्थिरताको मूल कारण बनिरहेको छ ।

### प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली किन ?

२०४६ साल पछाडिका ३५ वर्षको अवधिमा २ ९ वटा सरकार परिवर्तन भए । सत्ता प्राप्तिका लागि बहुमतको गठबन्धन बनाउने, समीकरण र बहुमतका निम्ति जस्तोसुकै माग र त्यसको सम्बोधन गर्न तयार हुने राजनीतिक प्रवृत्ति नेपाली राजनीतिक वृत्तमा स्वाभाविक खेल बनेको छ । चाहे प्रजातान्त्रिक दल होस्, चाहे कम्युनिस्ट पार्टी वा पञ्चायती दल नै किन नहुन्, सबैको साझा उद्देश्य सत्ता केन्द्रित छ । प्रजातन्त्र उदयपछि कहिले अस्वच्छ छविका नाममा संसद् विघटन गराई त कहिले के नाममा संसद् पुनःस्थापना गराई नयाँ नेतृत्वको सत्तारोहण गराइएको राजनीतिक प्रयास पनि देखिन्छ ।

वर्तमान संसदीय प्रणालीले राजनीतिक दलहरूलाई देशको सामाजिक तथा आर्थिक विकासभन्दा पनि बारम्बार सरकार परिवर्तन र आफ्नो उपस्थितिका निम्ति गणितीय समीकरणमा बढी ध्यान दिन बाध्य तुल्याएको छ । नेपालमा विद्यमान संसदीय प्रणालीको आयाम भनेकै छुट्टाछुट्टै समयमा सरकार परिवर्तन भएर राजनीतिक अस्थिरता सिर्जना हुनु हो । जसका कारण देशले सामाजिक र आर्थिक विकासमा अपेक्षित विकासको गति लिन सकेको छैन । २०४७ यता हालसम्म नेपालमा २९ सरकार बनेका छन् । त्यसमा पनि पहिलो संविधानसभापछि नै १४ वटा सरकार बनेका छन् ।

सत्ता समीकरण र गठबन्धन बनाउने नाममा र  गणितीय सङ्ख्या पुऱ्याउने संसदीय खेलले देशभरबाट एक सिट ल्याएका दलले समेत बार्गेनिङ गरी मन्त्रालय चलाएको सत्य हाम्रोसामु छ । त्यस्तै ठुला दलहरूलाई पनि संसद्मा बहुमत पुऱ्याउनका निम्ति स-साना दलसँग समीकरण गर्नुपर्ने हुन्छ । जसबाट असामान्य सम्झौता तथा नाजायज मागहरू पूरा गर्ने र गठबन्धनकै अनुकूलता र प्रतिकूलतामा सरकारको भविष्य निर्धारण हुने हुँदा सरकारको नेतृत्व गरेका प्रधानमन्त्री जनतामुखीभन्दा पनि संसद्मुखी हुन्छन् ।

> अर्को सवाल हो, प्रत्यक्ष निर्वाचित कार्यकारी । अहिलेसम्म बनेका सरकार, सरकार बन्न चालिएका कदम र पूर्वप्रधानमन्त्रीको क्लबजस्तो बनिसकेको मुलुकलाई स्थिर सरकार दिनु आजको आवश्यकता हो । यसका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीमा जानुको विकल्प छैन । हुन त कतिपयले प्रत्यक्ष निर्वाचित कार्यकारी निरंकुश बन्ने तर्क पनि गरेको देखिन्छ । तर, संसद्ले प्रत्यक्ष निर्वाचितलाई नियमन गर्न सक्ने नै हुँदा निरंकुशताको प्रश्न नै आउँदैन । अहिलेको निर्वाचन प्रणालीबाट निर्वाचित कार्यकारीले संविधान नमिचेको कहाँ होर ? तर, जनताको बलमा त्यसलाई निस्तेज पारिको घटना लुकेको छैन ।

यस्तो राज्यसत्ताको स्वार्थका कारण जनअपेक्षित विकासका चाहनाहरू ओझेलमा परेका छन्।

अर्कोतर्फ, जनताको मतलाई राजनीतिक दलहरूले सरकार बनाउने र गिराउने खेलमा प्रयोग गरेका छन्। बहुमत पुऱ्याउने नाममा जनताको मतलाई सांसदले करोडौंमा बेच्ने  गरेका  छन् । एक पटक जनताबाट निर्वाचित भएपछि पाँच वर्षसम्मै सांसद भई बस्न पाइने र पटक पटक जनतामा जान नपर्ने भएकाले सांसदहरू पनि बरु चुनाव जित्न करोडौँ खर्च गर्ने र केन्द्रमा बसी विगतको खर्च असुल गर्ने नियतमा बढी तल्लीन देखिन्छन्।

यसरी नयाँ संविधान जारी भएर पनि वर्तमान संविधानले अपनाएको सुधारिएको संसदीय प्रणालीले जनताले अपेक्षा गरेको शान्ति, स्थायित्व तथा आर्थिक विकास पूरा हुन सकेको छैन। बरु सरकार सधैँ अस्थिर भइराख्नु, छोटो-छोटो समयमा नै सरकार परिवर्तनका कुरा चल्नु र फेरि पनि प्राप्त राजनीतिक अधिकारहरू सधैँभरि जोखिममा परिराख्ने जस्ता परिघटनाले संविधान जारी गर्दा निर्वाचन पद्धतिमा गरिएको गल्ती सच्याई तुरुन्त संविधान संशोधन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपतिसहितको शासकीय प्रणाली जरुरी भएको छ ।

राजनीतिलाई पेसामुखीबाट पार लगाउनका निम्ति पनि यो शासकीय प्रणाली अत्यावश्यक छ। हाम्रो परम्परागत राजनीति र राजनीतिक दलहरूको राजनीतिक संस्कारले राजनीतिलाई पेसा बनायो। राजनीतिमा लागियो भने बिना लगानी प्रशस्त धन आर्जन गर्न सकिन्छ, राजनीतिक शक्ति र पहुँच पनि बढ्छ भन्ने मानसिकता कार्यकर्तामा हाबी भयो ।

राजनीतिक पहुँचका आधारमा कुनै नेता तथा दलको सम्बन्धमा कार्यकर्ताले कसैको सरुवा बढुवामा, कसैलाई ठेक्का दिलाइदिएर राजनीतिलाई नियमित कमाइ खाने पेसा बनाउन खोज्दा समस्या थप बल्झिन पुग्यो । त्यसैले राजनीतिलाई समाज सेवाका रूपमा लिई नेतृत्वलाई सिधा जनतासँग जोड्ने यो प्रणालीले मद्दत गर्छ । त्यसैगरी विविधताको सम्बोधन गर्न पनि यो प्रणाली उपयुक्त हुन्छ ।

नेपालमा १२५ जात र १२३ भाषा रहेको पृष्ठभूमिमा यो जनसाङ्ख्यक विविधतालाई सम्बोधन गर्न, विभिन्न जाति र भाषीको आवश्यकता पूरा गर्न पनि यिनै जनताले प्रत्यक्ष रूपमा मत दिई निर्वाचित गर्ने राष्ट्र प्रमुख नै उपयुक्त हुनेमा दुई मत छैन । जनताको प्रत्यक्ष जनादेशका निम्ति पनि यो प्रणाली आवश्यक छ ।

### किन हुनुपर्छ पूर्ण समानुपातिक निर्वाचन प्रणाली ?

पूर्ण समानुपातिक भएका देशहरूमा आर्थिक र सामाजिक समानता बढी हुने गरेको छ। राजनीतिमा अतिवाद हुने सम्भावना कम हुनुका साथै प्रतिनिधिमूलक लोकतन्त्रको उच्चतम अभ्यास हुन्छ। पूर्ण समानुपातिक प्रणालीमा सबै मतको प्रतिनिधित्व हुने गरी र दललाई खसालेको मतका आधारमा संसद्मा सङ्ख्या निर्धारण हुन्छ। पूर्ण समानुपातिक संसद्को आधारभूत सिद्धान्त सबै मतदाताको कदर हो । प्रत्यक्ष निर्वाचन प्रणाली (पहिलो हुने, निर्वाचित हुने) मा भने सबैभन्दा धेरै मत ल्याउने उम्मेदवार निर्वाचित हुन्छन् । अरू उम्मेदवारको मत एक प्रकारले 'खेर' जान्छ । यो निर्वाचन प्रणालीका धेरै खराबी छन्, जसमध्ये एक हो- सबै नागरिकको मतको प्रतिनिधित्व नहुनु । सबैभन्दा धेरै मत आउने उम्मेदवार संसद्मा जान्छन् तर सोही क्षेत्रमा अरू उम्मेदवारको मतको कतै पनि प्रतिनिधित्व हुँदैन । साथै, राज्यका संयन्त्रको सञ्चालनमा ठुला राजनीतिक दलहरूको एक प्रकारको 'सिन्डिकेट' स्थापित हुने सम्भावना हुन्छ। नेपालको राजनीतिमा ठुला दलहरूले 'सिन्डिकेट' का रूपमा व्यवहार गरेका उदाहरण पर्याप्त छन् । सबै मतको प्रतिनिधित्व हुने हुनाले पूर्ण समानुपातिक प्रणाली संसारभरि सबैभन्दा धेरै लोकतान्त्रिक देखिएको छ ।

### अन्तर्राष्ट्रिय अभ्यास

दक्षिण अमेरिका, युरोपका धेरै र दक्षिण पूर्वी एसिया र अफ्रिकाका केहीसहित पूर्ण समानुपातिक निर्वाचन प्रणाली ८५ देशमा छ । समानुपातिक प्रणाली मुख्य दुई प्रकारका हुन्छन्, बन्द सूची र खुला सूची । बन्द सूची अहिले नेपालले अवलम्बन गरेको मिश्रित निर्वाचन प्रणालीको ४० प्रतिशत समानुपातिकको भाग हो, जसमा राजनीतिक दलले विधायिकाका लागि उम्मेदवारको सूची निर्वाचन आयोगलाई चुनाव पहिल्यै बुझाउँछ र दल आफैँले उम्मेदवारका क्रम सङ्ख्या निर्धारण गर्छ, यसमा मतदाताले उम्मेदवारलाई होइन दललाई मत हालेका हुन्छन् ।

युरोपका अधिकांश देशले भने समानुपातिकअन्तर्गत खुला सूची अभ्यास गर्छन् । खुला सूचीमा पनि दललाई नै मत हाल्ने हो तर यसमा दलको सूचीअनुरूप आफ्नो उम्मेदवारको प्राथमिकतालाई व्यक्त गर्न सकिन्छ। समानुपातिकअन्तर्गत खुल्ला सूचीमा केही हदसम्म मतदाताले आफूलाई मन परेको उम्मेदवारको वर्गीकरण गर्न सक्छन् र सर्वाधिक लोकप्रिय उम्मेदवार संसद्मा चुनिन्छन् ।

दललाई मत हालेकै आधारमा चुनिने भए पनि यसमा आफूलाई मन परेको उम्मेदवारलाई छान्ने अधिकार बन्द सूचीजस्तो राजनीतिक दललाई नभएर मतदाताकै हातमा हुन्छ। यस कारण पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा गएको खण्डमा खुल्ला सूचीको अवधारणा अपनाए मतदाताको अझ प्रतिनिधित्व हुने थियो । फिनल्यान्ड, बेल्जियम र स्विट्जरल्यान्डलगायत देशमा यस्तै अभ्यास छ ।

निष्कर्षमा नेपालमा एकपछि अर्को निर्वाचन बढीभन्दा बढी खर्चिलो भइरहेको छ । पार्टीका उम्मेदवार एवं राज्य दुवैले गर्ने निर्वाचनसम्बन्धी खर्च बजारको महँगीको दरभन्दा बढी छ । हरेक समयमा उम्मेदवारबाट गरिएका खर्च अपारदर्शी हुने गरेका छन् । खर्चिलो निर्वाचन समृद्धिको लक्ष्य प्राप्तिको बाधक हो र यसले भ्रष्टाचारलाई बढवा दिएको छ । प्रजातन्त्र संरक्षण गर्न निर्वाचनको खर्च घटाउनुबाहेक हामीसँग कुनै अर्को विकल्प छैन । अहिलेको मिश्रित निर्वाचन प्रणाली परिवर्तन गर्नु आवश्यक छ । पूर्ण समानुपातिक निर्वाचनलाई बढवा दिनुपर्छ, ताकि सबै मतदाताले व्यक्तिलाई नभई पार्टीका लागि मतदान गर्नेछन् र त्यसले निर्वाचन खर्च घटाउन सहयोग पुग्छ ।

अर्कोतर्फ पूर्ण समानुपातिक निर्वाचन प्रणालीले समाजलाई विचारतिर डोऱ्याउँछ । अहिलेको व्यक्ति केन्द्रित समाज विचारका बारेमा बढी छलफल गर्न उत्सुक हुन्छ र विचार एवं व्यवहार बोकेको पार्टीलाई भोट हाल्ने वातावरण निर्माण हुन्छ । पूर्ण समानुपातिक निर्वाचन प्रणालीले सुदृढ पार्टीको निर्माण र समाजमा शुद्ध आचरण निर्माण गर्ने एकखाले होड नै चल्छ । सामाजिक मर्यादा र अनुशासनको पक्षलाई बलियो ढङ्गले लिनका लागि पनि यो प्रणाली हाम्रो जस्तो गरिब र पछौटेपना बोकेको मुलुकका लागि अपरिहार्य बनिसकेको छ ।

पूर्णसमानुपातिक निर्वाचन र प्रत्यक्ष निर्वाचित कार्यकारीमा जानु लोकतन्त्रलाई थप सुदृढ पार्दै जनतालाई नै अधिकार सम्पन्न बनाउनु हो । अझ भर्खरै सर्वोच्चले समानुपातिक निर्वाचन प्रणालीबारे गरेको व्याख्याले पनि यसको महत्त्व दर्साइदिएको छ । समानुपातिक प्रणालीलाई शोषण, उत्पीडनमा परेकालाई स्थान दिन भनेको सर्वोच्चले तरमारा वर्गबारे समेत सचेत व्याख्या गरेको छ । यसले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको महत्वलाई थप उजागर गरिदिएको छ ।

अर्को सवाल हो, प्रत्यक्ष निर्वाचित कार्यकारी । अहिलेसम्म बनेका सरकार, सरकार बन्न चालिएका कदम र पूर्वप्रधानमन्त्रीको क्लबजस्तो बनिसकेको मुलुकलाई स्थिर सरकार दिनु आजको आवश्यकता हो । यसका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीमा जानुको विकल्प छैन । हुन त कतिपयले प्रत्यक्ष निर्वाचित कार्यकारी निरङ्कुश बन्ने तर्क पनि गरेको देखिन्छ । तर, संसद्ले प्रत्यक्ष निर्वाचितलाई नियमन गर्न सक्ने नै हुँदा निरंकुशताको प्रश्न नै आउँदैन । अहिलेको निर्वाचन प्रणालीबाट निर्वाचित कार्यकारीले संविधान नमिचेको कहाँ होर ? तर, जनताको बलमा त्यसलाई निस्तेज पारिको घटना लुकेको छैन ।

दल र विचार प्रधान बनाउनका लागि पनि यो आवश्यक छ । पपुलिज्मवादलाई परास्त गर्दै लोकतन्त्रलाई सुदृढ पार्ने एक मात्र प्रणाली भनेकै पूर्ण समानुपातिक निर्वाचन र प्रत्यक्ष निर्वाचित कार्यकारी हो । यसतर्फ जान ढिला गर्न हुन्न ।शेर्पा नेकपा (माओवादी केन्द्र) का वैकल्पिक केन्द्रीय सदस्य हुन् ।रातोपाटी

# सामाजिक सञ्जाल, बन्दैछ मानव बेचबिखनको जालो

**मधु शाही**

एसईई परीक्षाको नतिजा आउन बाँकी थियो । कैलालीका चार किशोरीहरुले घर खर्च जुटाउन जागिर गर्ने निधो गरे । उहाँहरुको चाहनाअनुरुप गाउँमा रोजगार पाउने अवस्था त्यति सहज थिएन ।

रोजगार खोज्ने मनसाय बनाइरहँदा उनीहरु इमोमार्फत भारतीय नागरिक बताउने एक अज्ञात पुरुषसँग कुराकानी गर्न थाले । ती व्यक्तिको सोधनीमा उनीहरुले आफ्नो घरको गरिबी र रोजगारीको अवस्थाबारे जानकारी गराए । आर्थिक अभावको कमजोरीको फाइदा उठाउँदै ती पुरुषले किशोरीहरुलाई इमो एपमा कुरा गरेर भारत बोलाए । त्यहाँ २० हजार भारतीय रुपैयाँको जागिर दिने प्रलोभन देखाए । केही दिनको कुराकानीमै विश्वास गरेर चार किशोरी अज्ञात व्यक्तिको भनाइको भरमा भारत जान कैलालीको धनगढीस्थित नेपाल-भारत सीमामा पुगे । कहिल्यै एक्लै जिल्ला पार नगरेका ती किशोरीहरुलाई इमो माध्यमबाटै बसपार्कको टिकट कसरी काटन् र कसरी सीमापार गर्ने तरिका समेत इमोमार्फत ती पुरुषले सिकाएका थिए ।

घरका कुनै पनि सदस्यलाई जानकारी नगराई भारत जान हिँडेका किशोरीहरुलाई माइती नेपाल कैलालीले सीमामा रोक लगायो । "ती किशोरीहरुसँग न झोला थियो न कुनै सामग्री । घरमा सकैलाई भन्दै नभनी भारत जागिर गर्न जान लागेका रहेछन्, मानव बेचबिखनको शङ्कास्पद अवस्था लागेर तत्काल रोक्यौँ", माइती नेपाल कैलालीका संयोजक शिव चरण चौधरीले घटना सुनाउदै भन्नुभयो, "पछिल्लो समय सामाजिक सञ्जालले दलालतको मनोबल बढाएको छ, मानव बेचबिखनको उच्चतम् खतरा बढ्दो छ ।"

चौधरीका अनुसार फेसबुक, भाइवर, ह्वाट्स एपजस्ता सामाजिक सञ्जालमार्फत दलालले मानव बेचबिखनको जोखना थापिरहेको अनुभव सुनाउनुभयो । यहाँसम्म कि अपराधमा संलग्न व्यक्ति वा समूहसम्म सम्पर्कमा पुग्न चुनौती थपिएको पनि उहाँले बताउनुभयो । विदेशमा बसेर नेपालमा लक्षितगरी काम गर्ने गिरोह छन् ।

माइती नेपाल कैलालीकै अर्को घटनाले पनि यो समस्यालाई अझ प्रस्ट्याउँछ । फेसबुकमार्फत एक जना भारतीय नागरिकको धनगढीकी युवतीसँग सम्पर्क हुन्छ । सुरुमा फेसबुकबाटै प्रेम भाव प्रकट हुन्छ । पछि ती पुरुष नेपालमै आएर युवतीसँग समय बिताउँछन् । विवाह गरेर भारत लैजाने प्रलोभन पार्दै ती पुरुषले युवतीलाई शारीरिक शोषण गर्छन् । पछि मात्रै युवतीले पुरुषको पहिलो बिहे भइसकेको सुइको पाउँछिन् र बिहे नगर्ने जिकिर गर्छिन् ।

युवतीले बिहे इन्कार गरेको दिनदेखि ती पुरुषले जबर्जस्ती दबाब र मानसिक यातना दिन थाल्छन् । युवतीलाई थाहै नदिइ खिचेका गोप्य भिडियो र नग्न तस्वीर सामाजिक सञ्जालमा सार्वजनिक गर्ने धम्की दिन थाल्छन् । भारतमा बसेर फेसबुकमार्फत पुरुषले पटकपटक युवतीलाई मानसिक यातना दिन थाल्छन् । आफूमाथि हिंसा भएको महशुस गरेकी ती युवतीले प्रहरीमा उजुरी गर्ने प्रयास गरिन् । व्यक्तिको पहिचान नखुलेको र तथ्य प्रमाणित नहुँदा उनले उजुरी हाल्ने आधारसमेत हुँदैन । पर्याप्त प्रमाण नहुँदा उनी अहिले चुपचाप पीडा सहेर बस्न बाध्य छिन् ।

राष्ट्रिय मानवअधिकार आयोगले गरेको 'मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९' मा १५ देखि १६ वर्षका किशोरीहरु पूजाका लागि, विवाह गरेर जानेलगायतका प्रलोभनमा परी फेसबुक, इमोबाट चिनजानका आधारमा भारततर्फ लाने गरेको अवस्था उल्लेख छ । आयोगले २०७७ फागुन १३ देखि २१ गतेसम्म मोरङ, इलाम, सुनसरी र झापा जिल्लामा गरेको अनुगमनबाट प्राप्त घटनाको प्रकृतिले पनि सूचना प्रविधिको प्रयोग गर्न नजान्दा बेचबिखनको जोखिम बढेको प्रष्ट पार्छ ।

आयोगको अनुगमनमा उल्लेख छ, "एक जना दाङ जिल्लाकी किशोरीले मोबाइलमा फेसबुक चलाउँदा भारतका नागरिकले फेसबुकमा फोटो देखाएर मोडल बनाएदिने प्रस्ताव राखेपछि ती किशोरी दाङबाट रात्रि बस चढेर सुनसरी जिल्लाको भन्टाबारी सीमानाका हुँदै जान लाग्दा निगरानी केन्द्रबाट सम्झाइबुझाई घर फिर्ता पठाएको थियो ।"

त्यस्तै अर्को घटना, सप्तरी जिल्लाकी किशोरी विराटनगरमा बसेर पढ्दै थिइन् । उनलाई भारतीय नागरिकले फेसबुकमार्फत मोबाइल किनिदिने बाहनामा सुनसरीको भन्टाबारी हुँदै भीमनगर आउन भनेपछि ती किशोरी भन्टाबारीको सीमा नाका हुँदै जान लाग्दा उनलाई सम्झाइबुझाई घर पठाइएको घटना पनि अनुगमन प्रतिवेदनमा उल्लेख छ ।

### मानव बेचबिखनका मुद्दा बढ्दो

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि समयसापेक्ष रूपमा विभिन्न ऐन नियमहरू तर्जुमा गरिएका छन् । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ जारी भएको छ । मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ तथा यसको कार्यान्वयन योजना, २०७१ बनाई लागू गरिएको छ ।

सरकारको निरन्तर प्रयास जति देखिन्छ उति मानव बेचबखिनको सङ्ख्या भने बढ्दै गएको तथ्याङ्कले देखाउँछ । मानव बेचबिखन अनुसन्धान ब्युरोको चार वर्षको तथ्याङ्क हेर्दा मानव बेचबिखनको अवस्था उच्च देखिन्छ । आव २०७७/७८ मा १३४ मुद्दा दर्ता भएकामा २०८०/८१ मा सङ्ख्या बढेर १६६ पुगेको छ । महान्यायधिवक्ताको कार्यालयको २०७९/८० को वार्षिक प्रतिवेदन हेर्ने हो भने मानब बेचबिखनविरुद्ध एक सय ९४ मुद्दा परेकामा २१ मुद्दा मात्रै फछ्र्यौट भएका छन् ।

राष्ट्रिय बालअधिकार परिषद्को आव २०७७/७८ मा जम्मा तीन हजार ६५८ बालबालिका हराएका र तीमध्ये ७६.७ प्रतिशत बालिका र २३.२ प्रतिशत बालक रहेका छन् । हराएकामध्ये जम्मा ८१.७ प्रतिशत बालिका मात्र फेला परेको देखिन्छ छ । बालक ८३.८ प्रतिशत फेला परेका छन् । हराएका बालबालिकामध्ये बालिका फेला पर्ने सम्भावना बालकको तुलनामा अत्यन्त न्यून देखिन्छ ।

राष्ट्रिय मानवअधिकार आयोगले मानव बेचबिखनको प्रभावकारी नियन्त्रण तथा रोकथामका लागि सम्बन्धित निकायले निर्वाह गर्नुपर्ने भूमिकाबारे सरकारसँग पटकपटक सिफारिस गर्दै आएका बुँदा कार्यान्वयनको हुन सकेका छैनन् । आयोगले २०७९ मा सरकारसँग मानब बेचबिखनविरुद्धका प्रयासका केन्द्रित सिफारिस २२ बुँदामध्ये एउटा मात्रै पूर्ण रुपमा कार्यान्वयन भएको तथ्याङ्कमा उल्लेख छ ।

अनुसन्धान ब्युरोका प्रहरी उपरीक्षक गौतम मिश्रले पछिल्लो समय मानव बेचबिखनविरुद्धका मुद्दा दर्ता बढ्दै जानु भनेको जनचेतना अभिवृद्धि भएको तर्क राख्नुहुन्छ । उहाँका अनुसार चेतनाकै कारण पीडितले प्रहरीसमक्ष आएर उजुरी दिनसक्ने भएका छन् । यद्यपि मानव बेचबिखनको अवस्था रोकथाम भने हुन सकेको छैन । "मुद्दा दर्ता सङ्ख्या बढ्नु एक अर्थमा सकारात्मक मान्नुपर्छ", उहाँले भन्नुभयो, "यो भनेको पीडित सचेत हुँदै गएको सङ्केत हो । तर, हाम्रो प्रयास मानव बेचबिखन न्यूनीकरणमा नै ध्यान दिनुछ ।"

सूचना प्रविधिको विकाससँगै छदमभेषीमा दलाल संयन्त्र फैलिएको छ । प्रविधिले विश्वव्यापी रुपमा सञ्जाल फैलाउन सूचना प्रविधिले सहज बनाएको उहाँ बताउनुहुन्छ । ह्वाट्स एप, भाइबर, इमोजस्ता असङ्ख्य सञ्जाल अपनाएर विदेशबाट दलालले मानव बेचबिखनको महोरा बनाएका थुप्रै मुद्दा रहेको उहाँले सुनाउनुभयो । "यस्तोमा पहिलो जस्तो अपराधी पत्ता लगाउन सजिलो छैन", उहाँले भन्नुभयो, "त्यसैले सामाजिक सञ्जालमा नचिनेको अपरिचत व्यक्तिसँग विश्वास गरिहाल्नु हुँदैन भनी जनमानसमा जागरण ल्याउनुपर्छ ।"

मिश्रका अनुसार स्कुलका बालबालिका लक्षित ' अनलाइन' शिक्षा दिन जरुरी छ । नेपाल प्रहरीको एक्लो प्रयासले भन्दा पनि स्थानीय सरकार र सङ्घसंस्थाको पहलले सचेना वृद्धि गर्न सजिलो हुने उहाँले बताउनुभयो ।

शक्ति समूहकी संस्थापक अध्यक्ष चरिमाया तामाङले सूचना प्रविधिको माध्यमको प्रयोग सही ढंगले गर्न नजान्दा धेरै किशोरी दलालको चङ्गुलमा पर्ने खतरा बढ्दै गएको बताउनुभयो । यसका लागि सरकारीस्तरबाटै जति सक्दो सुचना प्रविधिको प्रयोगमा जनचेतना दिने अभियान थाल्नुपर्ने उहाँको धारणाछ । "हामीले सामाजिक सञ्चाल र मोबाइल नचलाउन त भन्न सक्दैनौँ तर, मानव बेचबिखनको डर हुन पनि सक्छ भनेर सचेत चाहीँ गराउन सक्छौँ", उहाँले भन्नुभयो ।रासस

# ‘जताबाट पनि वैदेशिक रोजगारीमा जाने युवाहरु नै ठगिएका छन्’




काठमाण्डु।सांसदतुलसाकुमारी दाहालले काठमाडौंका विभिन्न मेनपावर कम्पनीबाट साउदी अरब पुगेका नेपालीले त्यहाँ जानुभन्दा पहिला तोकिएको काम नपाएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

राष्ट्रियसभाको आइतबारको बैठकको शून्य समयमा बोल्दै उहाँले भन्नुभयो, “फ्रि टिकट र फ्रि भिसामा पठाएको भनिए पनि मेनपावर कम्पनीले एकजनाबाट रु एक लाख ६० हजारसम्म लिएको पीडितको गुनासो छ, तर उनीहरुले विदेशमा पुगेर काम पनि पाएका छैनन्, यसबारे सरकारले सत्य तथ्य पत्ता लगाएर दोषीमाथि कारबाही गर्नुपर्छ।

”सांसद इन्दिरादेवी गौतमले सोलुखुम्बुको थामेमा गएको बाढीले जनधनको क्षति भएको भन्दै सरकारको ध्यनाकर्षण गराउनुभयो । उहाँले भन्नुभयो, “जलवायु परिवर्तनबाट जोखिम बढ्दो रुपमा देखिन थालेको छ, जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण गर्न ‘हिमाल जोगाउँ अभियान’लाई प्रभावकारी बनाउनुपर्छ।”

सांसद जगप्रसाद शर्माले देशको ठूलो समस्याका रुपमा भूमि समस्या रहेको भन्दै त्यसको जतिसक्दो चाँडो सरकारले समाधान खोज्नुपर्नेमा जोड दिनुभयो । “यो समस्यालाई समाधान गर्न भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय छ, हाम्रो देशमा रहेको भूमिको समस्या सामाधान गर्न प्रत्येक बन्ने सरकारले विभिन्न आयोग बनाउने गर्छन्, ती आयोगमा राजनीतिक हस्तक्षेप हुनाले राम्ररी काम नगरेको अवस्था छ, भूमि आयोग गत चैत ८ गते विघटन भएपछि हालसम्म बन्न सकेको छैन, भूमि आयोगलाई अगाडि बढाएर प्रतिजग्गामा सुकुम्वासीलाई लालपुर्जा वितरण गर्न सरकारले सोच्नुपर्छ”, उहाँले भन्नुभयो।

सांसद तारामान सुनुवारले बाढीपहिरो, सडक दुर्घटना, हवाई दुर्घटना र हिमताल फुट्दा ठूलो जनधनको क्षति भएकोप्रति चिन्ता व्यक्त गर्नुभयो। “पछिल्लो समयमा दुर्घटना हुँदा सयौंले ज्यान गुमाएका छन्, दुर्घटनाका कारण खोजी गर्नुपछ साथै समयमै रोकथाम गर्न सरकारसँग आग्रह गर्छु”, उहाँले भन्नुभयो।रासस

# भौतिकमन्त्री दाहालद्वारा उपलब्धि सार्वजनिक

**भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले मन्त्रालयमा जिम्मेवारी सम्हालेको एक महिनामा पूरा गरेको कार्यप्रगति सार्वजनिक गर्नुभएको छ । आइतबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी उहाँले एक महिनामा भए गरेका कामको प्रगति र आगामी दिनको कार्ययोजना सार्वजनिक गर्नुभएको हो ।**

काठमाण्डु। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले मन्त्रालयमा जिम्मेवारी सम्हालेको एक महिनामा पूरा गरेको कार्यप्रगति सार्वजनिक गर्नुभएको छ । आइतबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी उहाँले एक महिनामा भए गरेका कामको प्रगति र आगामी दिनको कार्ययोजना सार्वजनिक गर्नुभएको हो।

भौतिकमन्त्री दाहालले पूर्वाधार निर्माणलाई गति दिन र नागरिकलाई सेवा प्रवाहमा सहजताको अनुभूति दिलाउन मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिइएको र त्यसको नियमित अनुगमनसमेत भइरहेको बताउनुभयो । वस्तुनिष्ठ योजनासहित नतिजामुखी भएर काम गर्न लागिपरेको पनि उहाँको भनाइ छ।

वर्षात् अवधिभर राष्ट्रिय राजमार्गमा यातायात अवरोध नहुने गरी आवश्यक व्यवस्था गरिएको र अवरोध भएको खण्डमा विशेष अवस्थामा बाहेक बढिमा दुई घण्टाभित्र अवरोध हटाई सवारीसाधन सञ्चालन गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ।

सो कार्यका लागि एक सय ३५ वटा यान्त्रिक उपकरण विभिन्न सडक खण्डमा तैनाथ अवस्थामा राखिएका छन् भने एक सय २९ वटा यान्त्रिक उपकरण आवश्यकताअनुसार तत्काल परिचालन हुनसक्ने गरी तयारी अवस्थामा राखिएको मन्त्रालयले जनाएको छ। त्यस्तै, वर्षात्का कारण अवरुद्ध हुने सडक यातायातको प्रत्यक्ष जानकारी मन्त्रीको कार्यकक्ष मै हुनेगरी ‘रोड क्लोजर अपडेटको सिस्टम’ जडान गरिएको जनाइएको छ।

मन्त्रालयका अनुसार राष्ट्रिय यातायात नीति, २०८१ मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेस भएको छ । निर्माणाधिन बाहेकका प्रमुख राजमार्गमा प्रथम चरणको पटके मर्मत सम्पन्न गरी छ हजार किलोमिटर सडक लम्बाइमा खाल्डाखुल्डीरहित बनाइने लक्ष्यअनुसार पटके मर्मतका लागि सबै सडक डिभिजन कार्यालयबाट बोलपत्र आह्वानको सूचना प्रकाशन भइसकेको र पहिलो चरणको पटके मर्मत दसैं अगावै सक्ने लक्ष्य राखिएको मन्त्रालयका सचिव केशवकुमार शर्माले जानकारी दिनुभयो।



सवारी चालक अनुमतिपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्ने प्रयोजनका लागि गत साउन ३० गते राष्ट्रिय परिचयपत्र तथा तथा पञ्जीकरण विभाग र यातायात व्यवस्था विभागबीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको प्रगति प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, बर्दिवास-निजगढ (चोचा) खण्डको सम्पन्न हुन बाँकी तीन वटा रेलपुलमध्ये दुई वटा रेलपुल (मराहा र बर्दिवास सम्पन्न भएको जनाइएको छ।

भौतिक मन्त्रालयले चालु आर्थिक वर्षका लागि पाएको वार्षिक बजेटमध्ये गत साउन मसान्तसम्ममा रु छ अब १८ करोड खर्च भई चार दशमलव ११ प्रतिशत वित्तीय प्रगति हासिल भएको जनाइएको छ। आयोजनाको काम गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्ने सुनिश्चतताका लागि निर्माणाधीन सडक तथा पुलको स्थलगत अवस्था अनुगमन गरी आवश्यक निर्देशन दिने काम भइरहेको पनि मन्त्रालयले जनाएको छ । गत साउन १८ गते सूर्यविनायक-धुलिखेल सडकको स्थलगत अनुगमन गरी निर्माण अवस्था अवलोकन गर्नुका साथै आयोजनाका चुनौतिबारे स्थानीय जनप्रतिनिधिलगायत सरोकारवालासँग छलफल गरेको जनाइएको छ।

अरनिको राजमार्गको धुलिखेल खाबा खण्डमा सडक निर्माण सञ्चालन हुन नसकी सो सडकबाट दैनिक गुड्ने सयौं सवारी साधन र तिनमा सवार यात्रुले सास्ती खेप्नुपरेको गुनासो आएको सन्दर्भमा उक्त सडक खण्डको निर्माण व्यवसायीलाई सो सडक तत्काल सहज बनाउन र तीन महिनभित्र निर्माण सम्पल गर्न निर्देशन दिइएको मन्त्रालयको कार्यप्रगतिमा उल्लेख छ।

त्यसैगरी, अरनिको राजमार्गको बाह्रबीसे नजिक खागदल खोलाको पूल वर्षाले बगाएकाले सवारी ताथा मानिस आवागमनमा समस्या भएकोमा उक्त अवरुद्ध सड़क डाइभर्सन गरी तत्काल सञ्चालन गर्न र सो स्थानमा तत्कालका लागि बेलिब्रिज जडान गर्न निर्देशन दिइएको मन्त्रालयको भनाइ छ । उक्त स्थानमा अहिले डाइभर्सनमार्फत सडक सञ्चालन भइरहेको र बेलिब्रिज जडानका लागि गत साउन २५ गते ठेक्का लगाइ बेलिब्रिज जडान सुरु भइसकेको जनाइएको छ।

मन्त्रालयअन्तर्गतको सडक बोर्ड नेपालमा रिक्त रहेको तीन जना बोर्ड सदस्यको पदपूर्ति गरी बोर्डलाई पूर्णता दिइएको पनि कार्यप्रगतिमा उल्लेख छ। त्यस्तै, मन्त्रालय मातहतका रुग्ण ठेक्काको अध्ययन गरी एक महिनाभित्र मन्त्रालयमा प्रतिवेदन पेस गर्न सहसचिव अर्जुनप्रसाद अर्यालको संयोजकत्वमा समित गठन गरिएको जनाइएको छ।

गत आर्थिक वर्ष २०८०/८१ मा बजेट अभावमा भुक्तानी हुन नसकेको रु आठ अर्ब ६६ करोड रकमको विवरण सङ्कलन गरी बजेट व्यवस्थापनको लागि पहल गरिएको जनाइएको छ। यस अवधिमा सडक विभागको पूँजीगत खर्च रु चार अर्ब ३० करोड रहेको छ।नागढुङ्गा सुरुङमार्गको मुख्य सुरुङमा गत साउन महिनामा मात्र एक सय ८८ मिटर क्रङ्क्रिट लाइनिङ सम्पन्न गरी जम्मा दुई हजार चार सय २६ मिटर लाइनिङ सम्पन्न भएको जनाइएको छ। त्यस्तै, सिद्धबाबा सुरुङको एक सय ४४ मिटर सुरुङ खन्ने काम सकिएको प्रगति प्रतिवेदनमा उल्लेख छ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुटवल-गोरुसिंगे खण्डको ठेक्का सम्झौता सम्पन्न भएकोमा हाल निर्माण व्यवसायी आयोजना निर्माण क्षेत्रमा परिचालन हुनेक्रममा रहेको जनाइएको छ ।हुलाकी राजमार्गअन्तर्गत चितवन राष्ट्रिय निकुञ्जको माडी बगाइदेखि अमुवा हुँदै ठोरी सडकको विकल्पमा बगाइदेखि कुसुमखोला हुँदै ठोरी र रिउ राप्ती खण्डमा कसरी पुलदेखि ध्रुवाघाट देउराली बनकट्टासम्मको विकल्पमा रिउ खोलादेखि ध्रुवाघाट राप्ती नदीमा नयाँ पुल निर्माण गरी जगतपुर जोड्ने सडक खण्डको रेखाङ्कन स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको जनाइएको छ।

सवारी चालक अनुमतिपत्रको छपाई तथा वितरण समयमा हुन नसकेको विद्यमान अवस्थामा राष्ट्रिय परिचयपत्रसँग आवद्ध गरी सवारी चालक अनुमतिपत्रको विद्युतीयप्रति हेर्न सकिने व्यवस्था मिलाइएको मन्त्रालयको भनाइ छ । इम्बोस्ड नम्बर प्लेट जडान प्रक्रियालाई छिटो र प्रभावकारी बनाउन निर्देशन दिइएको, क्युआर कोडसहितको सवारीचालक अनुमतिपत्र छपाईका लागि खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन दिइएको, सवारी दर्ता प्रणालीलाई डिजिटलाइज्ड गर्दै लगिएकोलगायतका विषय समीक्षा प्रतिवेदनमा राखिएका छन् ।रासस

# जलस्रोत विधेयकमाथि समितिमा छलफल सुरु



काठमाण्डु । सङ्घीय संसद्को पूर्वाधार विकास समितिमा ‘जलस्रोतसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न विधेयक’ माथिको छलफल सुरु भएको छ।

समितिको आइतबारको बैठकमा विधेयकमाथि संशोधन राख्नुभएका सांसदसँग छलफल सुरु गरिएको सभापति दीपकहादुर सिंहले जानकारी दिनुभयो ।तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले गत जेठ ३१ गते सो विधेयक सङ्घीय संसद्मा दर्ता गराउनुभएको थियो। प्रतिनिधिसभामा गत असार १७ गते सामान्य छलफल गरी असार २५ गते दफावार छलफलका लागि समितिमा पठाइएको थियो।

विधेयकमाथि सांसदले कूल एक सय ५७ वटा संशोधन प्रस्ताव दर्ता गर्नुभएको छ। विधेयकमाथि प्राप्त भएका संशोधन प्रस्तावलाई क्रमैसँग छलफल गरी टुङ्गोमा पुऱ्याउने लक्ष्यका साथ समितिले छलफल थालेको हो ।नेपालको संविधानको धारा ५१ बमोजिम प्राकृतिक स्रोत एवम् साधनको संरक्षण, समृद्धि र उपयोगसम्बन्धी नीतिको कार्यान्वयनका लागि कानुनी तथा संस्थागत व्यवस्था गर्ने सो विधेयकको उद्देश्य छ।

यस्तै, सतह तथा भूमिगत जलस्रोतको उपयोग, विकास तथा संरक्षण गर्न, एकीकृत जलस्रोत विकासको सिद्धान्तलाई कार्यान्वयन गर्न, जलस्रोतको संरक्षण, गणुस्तर नियन्त्रण तथा प्रदूषण नियमनलाई प्रभावकारी बनाउने उद्देश्य छ । यस्तै, जलस्रोतसम्बन्धी सूचना तथा तथ्याङ्कलाई आधुनिक, व्यवस्थित तथा वैज्ञानिक बनाउने विधेयकको उद्देश्य छ। जलस्रोतको बहुउद्देश्यीय उपयोगलाइ दिगो, प्रभावकारी र व्यवस्थित बनाउने उद्देश्य राखेर विधेयक पेस गरिएको हो ।रासस

# ‘माटो र पृथ्वीलाई जोगाउने काममा सरकारको ध्यान जानुपर्छ’

काठमाण्डु । सांसद जयन्तीदेवी राईले नेपालको पर्यटकीय क्षेत्रका रुपमा चिनिएको सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकामा तीन दिनसम्म भएको निरन्तर वर्षाका कारण जनजीवन अस्तव्यस्त भएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

राष्ट्रियसभाको आइतबारको बैठकको आकस्मिक समयमा बोल्दै उहाँले भन्नुभयो, “नेपालको पर्यटकीय क्षेत्रका रुपमा हामीले चिनिरहेको सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा दुईवटा हिमताल फुटेर तहसनहस भएको छ, मानवीय क्षति भएको छ।” हिमताल फुट्दा विद्यालय, स्वास्थ्यचौकी र पुल भत्किएको तथा एकजना बेपत्ता भएको, सरकारी कार्यालयलगायत सबै क्षेत्रको भौतिक पूर्वाधारमा क्षति पुग्नाका साथै दर्जनौं घर बगाएको उल्लेख गर्दै सांसद राईले सरकारले तत्काल सुरक्षित बसोबासको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो।




“पुल भत्किएकाले स्थानीयलाई आवतजावत गर्न समस्या भएको छ, हिमाली क्षेत्र भएका कारण त्यस ठाउँमा कोही पनि जानसक्ने अवस्था छैन, बस्ती पूरै ध्वस्त भएकाले अन्यत्र बसोबासको व्यवस्था गर्न आग्रह गर्दछु”, उहाँले भन्नुभयो । जीवनयापनका लागि तत्काल खाद्यान्न व्यवस्थाका साथै हराइरहेकाको खोजी कार्यमा तीव्रता दिनुपर्ने सांसद राईको माग छ । “हिमाली क्षेत्र असुरक्षित हुनु हामी सबै मानवजातिको पनि असुरक्षा बढ्दै जानु हो, माटो र पृथ्वीलाई जोगाउने काममा सरकारको ध्यान जानुपर्छ,” उहाँले भन्नुभयो ।रासस

# पानीको चुहावट नियन्त्रण गर्न मन्त्री यादवको निर्देशन

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले पानीको चुहावट नियन्त्रणका लागि निर्देशन दिनुभएको छ। आइतबार महाँकाल चौर पानी पोखरी, थोक वितरण प्रणाली निर्माण आयोजना बागमती कोरिडोर गोकर्ण तथा फोहर पानी प्रशोधन केन्द्र गुह्येश्वरीको अवलोकनपछि उहाँले काठमाडौंका विभिन्न स्थानमा पानीको चुहावट भइरहेको उल्लेख गर्दै त्यसलाई नियन्त्रण गरी पानी वितरण गर्न निर्देशन दिनुभएको हो।



“विभिन्न ठाउँमा खानेपानीका पाइप फुटेर पानी चुहावट भइरहेको जनगुनासो छ”, उहाँले भन्नुभयो, “चुहावट नियन्त्रण गरी जनतालाई पानी वितरण गरौं ।” मन्त्री यादवले खानेपानीका पाइप फुट्दा त्यसमा दिसा मिँसिदा फोहरपानी पनि आपूर्ति भइरहेको उल्लेख गर्दै त्यसमा सचेत रहन निर्देशन दिनुभयो । खानेपानीको क्षेत्रमा देखिएका समस्या समाधानका लागि आवश्यक पर्ने बजेटका लागि आफूले पहल गर्ने बताउनुहुँदै मन्त्री यादवले भन्नुभयो, “शुद्ध खानेपानी वितरणका लागि चाहिने बजेटको जोहो गर्ने जिम्मा म लिन्छु । पानीको चुहावट रोक्नुस्। काठमाडौंका जनतालाई वर्षभरी शुद्ध पानी खुवाउनुस्।”

उहाँले महाँकाल चौरमा निर्माणाधीन नयाँ पोखरी समयमै काम सम्पन्न गर्न निर्देशन दिनुभयो। मन्त्रीयादवले आयोजना कार्यान्वयन निर्देशनालयद्वारा विस्तार भइरहेको मेलम्चीको पानीवितरण गर्न थप पाइपलाइन लेइङ र गुह्येश्वरी फोहोर पानी प्रशोधन केन्द्र समेत निरीक्षण गर्नुभएको थियो ।रासस

# राष्ट्रियसभाः समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाण्डु । राष्ट्रियसभाको आइतबारको बैठकमा सांसद मायाप्रसाद शर्माले बाढीपहिरोबाट देशैभरि जनधनको क्षति भएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको छ । आइतबारको बैठकको शून्य समयमा उहाँले भन्नुभयो, “भेरी कोरिडोर जोड्ने डोल्पा खण्डमा बाढीपहिरोका कारण आवगमनमा सास्ती भएको छ, पानी पर्ने बित्तिकै खोला वारिपारि गाडी र पैदलयात्रा गर्न समस्या हुन्छ, सरकारले विशेष ध्यान दिएर यथाशघ्रि पुनःनिर्माणमा सहयोग गर्नु आवश्यक छ।”



सांसद भगवती न्यौपानेले भन्नुभयो, “राष्ट्रिय मर्यादासम्बन्धी विधेयकमाथि आवश्यकताका आधारमा छलफल गरी आएको हो। अन्तर्राष्ट्रिय अभ्यासका आधारमा अध्ययन गरी राष्ट्रियसभाबाट पारित गरेको उक्त विधेयक प्रतिनिधिसभामा पठाइसकेपछि अहिले रोकिएको छ।”

सांसद राधेश्याम पासवानले दलित अभियन्ता खगेन्द्र सुनुवार संवैधानिक अधिकार लागू गराउन पाँचबुँदे माग राखेर माइतीघरमा आन्दोलनरत भए पनि सरकारले उहाँको मागप्रति कुनै सुनुवाइ नगरेको गुनासो गर्नुभयो । “दश दिनदेखि माइतीघर मण्डलामा प्रदर्शन गर्दै आउनुभएका दलितका लागि दलित अभियान, नेपालका संयोजक खगेन्द्र सुनारले सरकार निर्माण तथा राजनीतिक नियुक्तिलगायत सबै क्षेत्रमा दलित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको माग गर्दै आउनुभएको छ । उहाँका जायज माग सरकारले पूरा गर्नुपर्छ”, उहाँले भन्नुभयो।

सांसद सुमित्रा बिसीले भन्नुभयो, “देशैभरि बाढीपहिरो र सोलुखुम्बुमा हिमताल फुटेर क्षति भएको छ, कर्णाली प्रदेशमा वन्यजन्तुले, दैलेखको महाबु गाउँपालिकाका केही वडामा बाँदरले खेतीबालीमा नोक्सानी पुऱ्याउँदा किसानहरु पीडित बनेका छन् । सरकारले मानव र वन्यजन्ती बीचको द्धन्द्ध न्यूनीकरणमा नीति बनाएर कार्यान्वयन गर्नु आवश्यक छ।”रासस

# ‘थामे क्षेत्रको बस्तीलाई अन्यत्र सार्न सरकारले पहल लिनुपर्छ’

काठमाण्डु । राष्ट्रियसभाको आइतबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता एवं सांसद सोनामगेल्जेन शेर्पाले शुक्रबार सोलुखुम्बुको थामेमा गएको बाढीले जनधनको क्षति भएको भन्दै सरकारको ध्यनाकर्षण गराउनुभयो।



आइतबारको बैठकको विशेष समयमा दलीय आधारमा बोल्दै उहाँले भन्नुभयो, “सोलुखुम्बुको थामेमा भीषण बाढीका कारण घरहरु क्षतिग्रस्त भएको, एकजना बेपत्ता भएको, पशुचौपायाको लागत आउन बाँकी छ, विद्युत् र सञ्चार क्षेत्रमा पूर्ण रुपमा क्षति भएको छ । यथाशीघ्र यसको विवरण सङ्कलन गरी थामे क्षेत्रको बस्तीलाई अन्यत्र सार्न सरकारले पहल लिनुपर्छ।”

सांसद शेर्पाले सरकारले स्थलगत अध्ययन गरी आवश्यक मात्रामा पीडितहरुलाई राहत वितरण गरेकोप्रति सरकारको प्रशंसा गर्नुभयो । उहाँले नेपालमा पछिल्लो समयमा वातावरण परिवर्तनको असर देखिन थालेको बताउँदै वातावरण र जलवायु परिवर्तनको विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा कसरी प्रस्तुत गर्ने भन्ने विषयमा सरकारले गम्भीरतापूर्वक सोच्नुपर्ने धारणा राख्नुभयो।

ज्लवायु परिवर्तनबारे नेपालमा भएगरेका अध्ययन/अनुसन्धानबारे जनता सुसूचित गर्न नसकिएको सांसद शेर्पाले बताउनुभयो । “थामे नजिकै रहेका पोखरीहरु कति खतरामा छन् भन्नेबारे विभिन्न सङ्घसंस्थाले अध्ययन गरिरहेका छन् तर सरकारसँग तथ्याङ्क प्राप्त भएको छैन”, उहाँले भन्नुभयो । उहाँले नेपालमा गरिने सबै अनुसन्धानको तथ्य सरकारले राख्नुपर्ने माग गर्नुभयो।

सरकारले मुलुकमा हुने अध्ययन अनुसन्धानका लागि छुट्टै रकमको व्यवस्था गर्नुपर्ने भन्दै सोलुखम्बुका विभिन्न स्थानमा बाढीको जोखिम न्यूनीकरण गर्न दीर्घकालीन समाधानका उपाय अपनाउनुपर्नेमा सांसद शेर्पाले जोड दिनुभयो । उहाँले विद्युत् नहुँदा सोलुखुम्बुका धेरै स्थानमा उद्योगहरु बन्द भएको सुनाउँदै तत्काल विद्युत्को समस्या समाधान गर्नुपर्ने बताउनुभयो।

सांसद शेर्पाले भन्नुभयो, “थामे क्षेत्रको बस्तीलाई अन्यत्र सार्नका लागि सरकारले पहल लिनुपर्छ साथै त्यहाँ रहेका चारवटा पोखरीको जोखिमबारे अध्ययन गरी समाधानका उपाय निकाल्नु जरुरी छ।” आगामी दिन सरकारले हिमाली क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने उहाँको माग छ ।रासस

# अमेरिकी राष्ट्रपतीय निर्वाचनका लागि ह्यारिसको अभियान जारी

एएफपी

सिकागो । अमेरिकी राष्ट्रपतीय निर्वाचनमा डेमोक्र्याटिक पार्टीका तर्फबाट उम्मेदवार रहनुभएका उपराष्ट्रपति कमला ह्यारिसले यो साता पेन्सिलभेनिया र सिकागोमा महत्त्वपूर्ण कार्यक्रमहरू गर्नुहुनेभएको छ । विजयका लागि महत्वपूर्ण मानिएका राज्यमा आफ्नो अभियानलाई फैलाउन राज्यका विभिन्न स्थानमा पुग्ने क्रममा उहाँको चुनावी दौडाहाले दिन प्रतिदिन समर्थन बटुल्ने क्रम पनि जारी रहेको देखिन्छ ।

गाजामा इजरायलको युद्धको विरोधमा भइरहेको प्रदर्शनले छायाँमा पारेको अमेरिकी राष्ट्रपतीय निर्वाचनमा उहाँको चर्चा दिन प्रतिदिन चुलिन थालेको छ । राष्ट्रपति जो बाइडेनले करिब एक महिना पहिले निर्वाचनबाट आफ्नो उम्मेदवारीलाई फिर्ता गर्दै आफ्ना सहयोगी ह्यारिसलाई समर्थन गर्नुभएको थियो । अभियानमा उत्साहको लहर चलाउँदै उपराष्ट्रपति ह्यारिसले आफ्ना चिरपरिचित रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पविरुद्ध आफ्नो चुनावी नारा लिएर आइतबार पेन्सिलभेनिया राज्यका विभिन्न स्थानको ऱ्यालीलाई सम्बोधन गर्नुहुनेछ ।

त्यसपछि ५९ वर्षीय ह्यारिस डेमोक्र्याट्स प्रशंसकको स्वागतका लागि सिकागो पुग्नुहुनेछ । उहाँको अभियानले सिकागोको चुनावमा ट्रम्पको अग्रताको सम्भावनालाई क्षीण बनाएपछि गत हप्ता ट्रम्पले त्यहाँ माहोल फेरि आफ्नो पकडमा आउने आशा व्यक्त गर्नुभएको थियो । गाजामा हमासविरुद्ध इजरायलको युद्धलाई बाइडेन-ह्यारिस प्रशासनले समर्थन गरेको भन्दै यसको विरोधमा आइतबारदेखि हरेक दिन हजारौं प्रदर्शनकारी सिकागो उत्रिने अपेक्षा ट्रम्पले गर्नुभएको छ ।

प्रदर्शन आइतबारदेखि सुरु भएर बिहीबार पनि जारी रहने अपेक्षा गरिएको छ । यो समयमा डेमोक्र्याटिक पार्टीको



विशेषगरी सोमबार र बुधबार मुख्य सभा हुने बताइएको छ ।डेमोक्रयाटिक पार्टीका लागि पनि चार दिने प्रचारप्रसार ट्रम्पको हत्याको प्रयास र ८१ वर्षीय बाइडेनको आश्चर्यजनक बहिर्गमनसहित स्मृतिमा सबैभन्दा उथलपुथलपूर्ण चुनावी चक्रको कडीमा ताजा हुनेछ ।

अमेरिकी इतिहासका सबैभन्दा वृद्ध राष्ट्रपति पदका उम्मेदवार बाइडेनले केही गर्न नसक्ने उहाँको तुलनामा आफू अझै उर्जावान् रहेको भन्दै आफ्नो अभियानलाई अघि बढाएका रिपब्लिकन उम्मेदवार तथा पूर्वउपराष्ट्रपति ट्रम्प एकाएक झमेलामा फस्नुभएको छ । बाइडेनको उम्मेदवारीबाट फिर्ता हुने निर्णयसँगै उपराष्ट्रपति ह्यारिसलाई दिएको समर्थनले ट्रम्पको दावी अनुसार उहाँ नै वृद्ध उम्मेदवार बन्नुभएको छ ।

रिपब्लिकनहरूले यस मुद्दामा अडिग रहन आग्रह गरे तापनि ट्रम्पले ह्यारिसको व्यक्तिगत अपमान र आलोचना गर्नुभएको छ । पेन्सिलभेनियामा शनिबार एक ऱ्यालीका लागि जाँदै गर्दा पूर्व राष्ट्रपति ट्रम्पले आफू ह्यारिसभन्दा 'धेरै राम्रो देखिने' भन्दै उहाँलाई 'पागल' को संज्ञा दिनुभएको थियो । पेन्सिलभेनिया, अमेरिकाको ग्रामिण क्षेत्रमा सम्भवतः सबै प्रतिस्पर्धा हुने राज्यमध्ये सबैभन्दा मूल्यवान मानिएको छ ।

यसले सन् २०२४ को चुनावी दौडलाई परिभाषित गर्न सक्छ र उम्मेदवारहरूले त्यस क्षेत्रको बारम्बार भ्रमण गरिरहेका छन् ।नयाँ डेमोक्रयाटिक मानक वाहक ह्यारिसले आइतबार टिम वाल्जसँग केही महत्त्वपूर्ण प्रचारबारे निर्णय गर्नुभएको छ । पिट्सबर्गबाट बस यात्रा सुरु गर्नु अघि पश्चिमी पेन्सिलभेनियामा गरिब श्रमिक वर्गका मतदाताहरूलाई आकर्षित गर्न धेरै अभियान स्टेसन बनाई कार्यक्रमको घोषणा गर्नुभएको छ ।

-सिकागो सम्मेलनमा सबैको ध्यान-


सोमबार ह्यारिसको कथा अमेरिकी जनतासामु बताउने ठूलो अवसरका रूपमा लिइएको सिकागो सम्मेलनमा सबैका आँखा केन्द्रित छन् । बाइडेनको उपराष्ट्रपतिबाट राष्ट्रपतिका लागि उम्मेदवार बनेका उहाँलाई डेमोक्र्याटिक पार्टीको कमजोर अभियानलाई छिट्टै व्यापक समर्थन जुटाउन सफल भएका कारण उहाँ चिन्ने मौका मिलेको छ । ह्यारिसले बिहीबार अन्तिम दिन सम्बोधन गर्ने कार्यक्रम छ, तर सीएनएनका अनुसार बाइडेनले सोमबार सम्बोधन गर्दा उहाँ पनि बाइडेनसँग मञ्चमा देखा पर्नुहुनेछ ।

गत जुनमा ट्रम्पविरुद्ध भएको विवादास्पद बहसपछि डेमोक्रयाटहरूले बाइडेनलाई फिर्ता गरेपछि वृद्ध राष्ट्रपति अझै निराश हुनुहुन्छ । तर, बाइडेनले ट्रम्पले उत्पन्न गरेको लोकतन्त्रमा खतराको बारेमा ध्यान केन्द्रित गर्ने आफ्नो विरासतलाई बलियो बनाउन चाहेको स्पष्ट देखिन्छ । कोभिड महामारीबाट प्रभावित अर्थतन्त्र र 'ह्वाइट हाउसको शालीनता र गरिमा पुनर्स्थापित गर्न' आफ्नै लाइनको व्यक्तिलाई नेतृत्वमा लान चाहनु बाइडेनका लागि अनौठो तर्क भने होइन ।

बाइडेनले 'उपराष्ट्रपति कमला ह्यारिसको पक्षमा वकालत गर्नुहुनेछ' र 'सबै अमेरिकीका लागि चुनावको दाउलाई उजागर गर्नुहुनेछ," डेमोक्र्याटिक पार्टीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।अमेरिकी प्रथम महिला जिल बाइडेन पनि सोमबार मञ्चमा आउनुहुनेछ भने पूर्व राष्ट्रपतिहरू बिल क्लिन्टन र बाराक ओबामा पनि यस हप्ता पूर्व विदेशमन्त्री हिलारी क्लिन्टनका साथ अभियानमा उपस्थित हुने अपेक्षा गरिएको छ ।

बुधबार ह्यारिसका तर्फबाट उपराष्ट्रपतिपदका उम्मेदवार वाल्जले मिनेसोटा राज्यका गभर्नरका रुपमा ट्रम्प र उहाँका प्रतिद्वन्द्वी भान्सको आलोचना गर्नुभएको थियो । अधिवेशनको बीचमा ह्यारिस र वाल्जले विस्कन्सिनको मिल्वौकीमा चुनाव प्रचार गर्ने छन् र त्यसपछि सिकागो फर्कनेछन् । सिकागोमा ह्यारिसका पति डग एमहोफले पनि ह्यारिसको अभियानलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

# राष्ट्रिय एकता भाँड्ने प्रयासलाई चिर्न प्रधानमन्त्री ओलीको खेलाडीलाई आग्रह



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई विभिन्न नाममा भड्काएर राष्ट्रिय एकता भाँड्ने प्रयासलाई चिर्न खेलाडीहरुलाई आग्रह गर्नुभएको छ ।

नेपाल खेलकुद महासङ्घको केन्द्रीय कमिटीको तेस्रो बैठकको उद्घाटन सत्रलाई आइतबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अनेक प्रकारका शक्तिले धर्म, जात र विभिन्न नाममा राष्ट्रिय एकता भाँड्न र जनतालाई भड्काउन सक्ने भएकाले राष्ट्रिय एकतालाई कायम राख्न जोड दिनुभयो ।

"यति सानो देशमा हामी धेरै जाति, भाषी र जाति मिलेर बसेका छौँ । यो हाम्रो सम्पन्नता र जीवित सम्पदा हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीले राष्ट्र र जनताको मन विखण्डित हुन दिनु हुँदैन ।

खेल क्षेत्र कुनै जात र धर्म विशेषको हुँदैन । यहाँ उत्कृष्टताका आधारमा खेलाडीको प्रतिनिधित्व हुन्छ । कुनै जातको वा धर्मको प्रतिनिधित्व खोई भनेर सोध्ने वा भड्काउने काम यस क्षेत्रमा हुँदैन । यहाँ विधि, पद्धति र नियमको पालना हुन्छ । यो अनुशासनको कुरालाई समाजव्यापी बनाउने हाम्रो काम हुनुपर्छ ।"

जनताको शासनका रुपमा रहेको लोकतन्त्रमा विधि नमान्ने र सनकका भरमा चल्ने प्रवृत्तिले समाजलाई कहीँ नपुर्याउने प्रधानमन्त्री ओलीले स्पष्ट गर्नुभयो । समाजमा भ्रष्टहरुले नै भ्रष्टाचारविरोधी नाटक गरेर जनता अल्मलाउने र भ्रष्टाचार नगर्नेलाई तथानाम गाली गरेर असत्य फैलाउन लागेकाले सत्यका पक्षमा प्रस्तुत हुन उहाँले आग्रह गर्नुभयो ।

"देशमा शान्ति, सुव्यवस्था र कानुनको राज नहोस् भने वितण्डा मच्चाउन खोज्ने, सरकार र देशलाई असफल पार्ने प्रयास पनि हुन सक्छन् । तपाईंहरुले यसतर्फ पनि सचेत भएर लाग्नुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो- "समाजमा योगदान नगरेकाहरुलाई तारिफ गरेर माथि उठाउने र लोकतन्त्रका लागि योगदान गरेकाहरुलाई गाली गर्ने काम भइरहेको छ । अहिलेको सरकार भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्नका लागि बनेको हो । यसमा हामी शून्य सहनशीलता अपनाउँछौँ । अनुहार र मुख हेरेर कसैलाई पक्ष-विपक्ष गरिँदैन । सभ्य, आधुनिक, समृद्ध र सुखी नेपालको विकासमा हामी लाग्नेछौँ ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले खेल क्षेत्रलाई उठाउने र यसका सबै विधालाई जीवनशैलीका रुपमा अपनाउने कामको नेतृत्व गर्ने जिम्मेवारी निर्वाह गर्न आग्रह गर्नुभयो । उहाँले बालबालिकादेखि बूढाबूढीसम्मलाई आफ्नो क्षमता र रुचिअनुसार खेल एक जीवनको अङ्ग भएकाले खेललाई व्यापकीकरण र सामाजिकीकरण गर्न आग्रह गर्नुभयो । खेलले मनोरञ्जन, व्यायाम र प्रतिस्पर्धाको अवसर दिने उल्लेख गर्दै उहाँले सबै पेसा व्यवसायका व्यक्तिका लागि खाना, काम र व्यायामको प्रबन्ध नभए जीवन कूँजो हुने बताउनुभयो ।

"नेपाली खेलाडीले विश्वस्तरका प्रतिस्पर्धामा स्वर्ण पदक नपाउने भन्ने के छ ? हामीले रसियाली र अरेबियाली सबैसँग प्रतिस्पर्धा गर्न सक्छौँ । हामीले ओलम्पिकमा सहभागी मात्र हुन थालेका छौँ । अब जित्नुपर्छ । उत्कृष्ट र प्रतिस्पर्धीरुपमा खेलेमा हामीलाई जितका लागि केहीले पनि रोक्दैन ।

सरकारले यस क्षेत्रको विकासका लागि गर्नुपर्ने काम गच्छेले भ्याएसम्म गर्नेछ । कीर्तिपुरको रङ्गशालालाई स्तरोन्नति गर्न दिइएको प्राथमिकता यसैको उदाहरण हो," प्रधानमन्त्री ओलीले भन्नुभयो, "महासङ्घमा आबद्ध युवाको उत्तरदायित्व खेलमा श्रेष्ठताका साथै समृद्ध, सुरक्षित, सम्मानित र न्यायोचित समाज निर्माणका लागि सचेत प्रयास गर्नु पनि हो । देशको स्वाधीनता, लोकतन्त्र, विधि र सार्वभौमसत्ता, भौगोलिक अखण्डताको रक्षा तथा राष्ट्रिय झण्डालाई माथि उठाउन पनि उत्तिकै भूमिका हुनुपर्छ ।"रासस

# अमेरिकी विदेशमन्त्री ब्लिन्केन इजरायलमा

एएफपी

गाजा । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन आइतबार इजरायल आउनुभएको छ । मध्यस्थहरूले गाजा युद्धविराम सम्झौतालाई बलियो बनाउन खोजिरहेका समय शनिबार हमासका एक वरिष्ठ अधिकारीले वार्तामा 'अमेरिकी निर्देशन' स्वीकार्य नहुने बताएका थिए ।

अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूहको आक्रमणपछि गाजा युद्ध सुरु भएयता मध्यपूर्वको नवौं भ्रमणमा रहेका ब्लिन्केनले आगामी दिनमा कायरोमा युद्धविराम वार्ता सुरु हुनुअघि इजरायली नेताहरूसँग भेटघाट गर्ने अपेक्षा गरिएको छ ।

अमेरिका, कतार र इजिप्टका मध्यस्थकर्ताले १० महिनाभन्दा लामो युद्ध अन्त्यका लागि वार्ता अघि बढिरहेको बताएका छन् भने अमेरिकी राष्ट्रपति जो बाइडेनले वार्ताका लागि 'हामी पहिलेभन्दा धेरै नजिक छौं' भन्नुभएको छ ।यद्यपि, हमासका राजनीतिक ब्युरो सदस्य सामी अबु जुहरीले दोहामा दुई दिनसम्म चलेको वार्तापछि प्रगतिको सङ्केत 'भ्रम' भएको एएफपीसँग बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी कुनै सम्झौता वा वास्तविक वार्ताको सामना गरिरहेको नभई अमेरिकी निर्देशनबारे छलफल गरिरहेका छौं ।"महिनौंसम्म चलेको युद्धविराम वार्ताको क्रममा विगतमा देखिएका आशासमेत मरेका छन् ।जुलाईको अन्त्यतिर हमासका राजनीतिक प्रमुख इस्माइल हनियाहलगायत इरान समर्थित लडाकू नेताहरूको एकपछि अर्को गर्दै भएको हत्या र घेराबन्दीमा परेको गाजा पट्टीमा पोलियोको प्रकोपसँगै मानवीय सङ्कट गहिरिँदै गएपछि यो खतरा बढेको छ ।

मध्यस्थकर्ताहरूले युद्धरत पक्षहरूबीचको बाँकी खाडल कम गर्न प्रस्तावहरू अघि सारेको घोषणा गरेपछि हमासले इजरायलबाट आएको 'नयाँ शर्त' अस्वीकार गरेको र मे महिनाको अन्त्यमा बाइडेनले अघि सारेको योजना कार्यान्वयन गर्न आह्वान गरेको थियो ।ब्लिन्केन शनिबार राति तेल अभिभ प्रस्थान गर्नुअघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले हमासमाथि 'भारी दबाब' सिर्जना गर्न आह्वान गरेको थियो ।

प्यालेस्टिनी समूहका साथै केही विश्लेषक र इजरायली प्रदर्शनकारीले नेतन्याहूले आफ्नो कट्टर दक्षिणपन्थी सत्तारूढ गठबन्धनको रक्षाका लागि सम्झौता गरेको आरोप लगाएका छन् ।

# राजधानीमा रुसी मिसाइल आक्रमणलाई विफल बनाएको युक्रेनको भनाइ

एएफपी

किएभ । युक्रेनी सेनाले राजधानी किएभमा भएको रुसी मिसाइल आक्रमणलाई विफल बनाएको बताएको छ । किएभमा आइतबार बिहानैलदेखि हवाई आक्रमणको साइरन बजेको थियो ।

"प्रत्येक आक्रममणको बीचमा छ दिनको स्पष्ट अन्तरालमा अगस्टमा राजधानीमा यो तेस्रो ब्यालिस्टिक मिसाइल आक्रमण हो", किएभ सहर सैन्य प्रशासनले बिहानैको बमबारीपछि टेलिग्राममा पोस्ट गरेको छ ।मिसाइल आक्रमणका साथ ड्रोनहरू किएभतर्फ गएको देखिएको थियो । "दुश्मका सबै ड्रोन सहरभन्दा धेरै टाढा नष्ट गरिएको छ", पोस्टमा भनिएको छ । आक्रमणबाट कुनै क्षति वा हताहतको सूचना प्राप्त नभएको उल्लेख गर्दै प्रशासनले भनेको छ, "सम्भवतः केएन-२३ प्रकारको उत्तर कोरियाली ब्यालेस्टिक मिसाइलहरूको प्रयोग गरिएको थियो ।"

संयुक्त राज्य अमेरिका र सोलले उत्तर कोरियामाथि युक्रेन युद्धका लागि रुसलाई गोला-बारुद र मिसाइलहरू उपलब्ध गराएको आरोप लगाएका छन् । किएभले बारम्बार पश्चिमका आफ्ना सहयोगीहरूसँग थप वायु-रक्षा प्रणाली उपलब्ध गराउन आह्वान गरेको छ । गता साता किएभ नजिकै रातभर भएको रुसी मिसाइल आक्रमणमा ३५ वर्षीय एक व्यक्ति र उनका चार वर्षीय छोराको मृत्यु भएको थियो । आक्रमणमा अन्य तीन जना गम्भीर घाइते भएका थिए ।

रुसी भूभागमा युक्रेनको हालैको अग्रतालाई मस्कोले 'कडा प्रतिक्रिया' दिने वाचा गरेपछि चिन्ता अझ बढेको छ । युक्रेनमाथि रुसी आक्रमणको साढे दुई वर्षपछि किएभका सैनिकहरूले गत साता कुर्स्क क्षेत्रमा ठूलो जवाफी आक्रमण गर्दा एक लाख २० हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । दोस्रो विश्वयुद्धपछि रुसी भूमिमा कुनै पनि विदेशी सेनाको सबैभन्दा ठूलो आक्रमणमा रुसको एक हजार एक सय वर्गकिलोमटरभन्दा बढी क्षेत्र कब्जा गरेको युक्रेनको दाबी छ ।

# युक्रेनी ड्रोन आक्रमणबाट दक्षिण रुसमा इन्धन भण्डारमा आगलागी

एएफपी

मस्को । युक्रेनी ड्रोन आक्रमणबाट आइतबार बिहान रुसको दक्षिणी रोस्तोभ क्षेत्रमा एक तेल भण्डारण केन्द्रमा भीषण आगलागी भएको छ । सामाजिक सञ्जालमा प्रकाशित भिडियोमा आगो लागेपछि प्रोलेटार्स्क सहरमा बाक्लो कालो धुवाँ र आगोको मुस्लो निस्किएको स्थानीय गभर्नरले बताएका छन् ।

"रोस्तोभ क्षेत्रको दक्षिणपूर्वमा हवाई सुरक्षाले एउटा ड्रोन आक्रमणलाई विफल बनाएको छ, प्रोलेटार्स्कमा औद्योगिक भण्डार केन्द्रहरूको क्षेत्रमा ड्रोन खसेपछि डिजेल इन्धनमा आगो लाग्यो", गभर्नर भासिली गेलबेभले टेलिग्राममा

युक्रेनी सीमाबाट करिब दुई सय ५० किलोमिटर र युक्रेनी सीमामा लडिरहेका किएभको नियन्त्रणमा रहेको क्षेत्रबाट करिब तीन सय ५० किलोमिटर टाढा छ ।

रुसी रक्षा मन्त्रालयले रातभरमा 'विमान-प्रकार' का पाँच युक्रेनी ड्रोनलाई खसाएको बताएको छ । ती ड्रोनमध्ये दुई वटा रोस्तोभ क्षेत्रमा थिए ।सन् २०२२ मा द्वन्द्व सुरु भएयता किएभले आफ्नो सीमाहरूबाट करिब सयौं किलोमिटर टाढा रुसमा तेल र ग्यास सुविधाहरूमा बारम्बार निशाना बनाएको छ । यसलाई युक्रेनले आफ्नो ऊर्जा पूर्वाधारमा आक्रमणको 'उचित' प्रतिशोध भनेको छ ।

यसै महिनाको प्रारम्भमा युक्रेनी राष्ट्रपति



भन्नुभयो, "स्थानीय समयानुसार बिहान पाँच बजेर ३५ मिनेनमा अर्को ड्रोन आक्रमणका कारण प्रोलेटार्स्कमा औद्योगिक सुविधामा अग्नि नियन्त्रण निलम्बित गरिएको थियो ।"

पछि उहाँले आक्रमणमा कोही पनि घाइते नभएको र आगो निभाउने प्रयास केही बेरपछि पुनः सुरु भएको बताउनुभयो । प्रोलेटार्स्क

भोलोदिमर जेलेन्स्कीले रुसी तेल प्रशोधन केन्द्रहरूमा आक्रमण गरेकामा आफ्ना सेनाको प्रशंसा गर्दै आक्रमणले द्वन्द्वलाई 'उचित अन्त्य' गर्न मद्दत पुग्ने बताउनुभएको थियो ।युक्रेनले रुसको कुर्स्क क्षेत्रमा अभूतपूर्व सीमापार आक्रमण गरेपछि ड्रोन आक्रमणहरू भएका हुन् ।

# कोरियामा एकै हप्तामा कोभिड-१९ सङ्क्रमणमा दोब्बर वृद्धि




एएनआई

सियोल । दक्षिण कोरियाको रोग नियन्त्रण विभागले आइतबार गर्मीको मौसममा फोहोर पानीमा कोभिड-१९ विषाणुको स्तर एक हप्तामा लगभग दोब्बर वृद्धि भएसँगै भाइरस सङ्क्रमितको संख्या बढेको बताएको छ ।

कोरिया रोग नियन्त्रण तथा रोकथाम विभाग (केडिसिए) द्वारा अगस्टको दोस्रो हप्तामा सञ्चालित कोरिया फोहोर पानी निगरानी कार्यक्रमका अनुसार स्थानीय ढल प्रशोधन प्लान्टमा कोभिड भाइरसको औसत एकाग्रता प्रति मिलिलिटर पानीमा ४७ हजार ६४० पुगेको योन्हप समाचार समितिले जनाएको छ ।

यो संख्या अघिल्लो हप्ता रेकर्ड गरिएको २४ हजार ६०२ प्रति मिलिलिटरबाट लगभग दोब्बर वृद्धि हो । समुदायभित्र कोभिड-१९ सङ्क्रमणको संख्या मूल्याङ्कन गर्न गत वर्षको

**यो संख्या अघिल्लो हप्ता रेकर्ड गरिएको २४ हजार ६०२ प्रति मिलिलिटरबाट लगभग दोब्बर वृद्धि हो ।**

अप्रिलदेखि केडिसिएले यो प्रविधी प्रयोग गर्दै आएको हो । यो प्रविधिलाई 'वेस्ट वाटर बेस्ड ऐपिडेमीयोलोजी' भनिन्छ ।यो तथ्याङ्क देशभरका ८४ वटा फोहोर पानी प्रशोधन गर्ने उद्योगबाट सङ्कलन गरिएको नमुनामा आधारित छ ।

"यो परिक्षणको उद्देश्य फोहोर पानीमा कोभिड-१९ विषाणुहरु अध्ययन गरेर त्यस समुदायमा सो विषाणुले सार्ने रोग कति फैलिएको छ भनेर आङ्कलन गर्नु हो जुन हाल बढ्दै गएको छ", केडिसिएका एक अधिकारीले भन्नुभयो । यसैबीच, दक्षिण कोरियामा भर्खरै अस्पतालमा भर्ना भएका कोभिड-१९ बिरामीहरूको संख्या अगस्टको दोस्रो हप्तामा १ हजार ३५९ पुगेको छ जुन एकहप्ता अघि ८ सय ७८ थियो ।

# बलात्कार प्रकरण : मेडिकल कलेज तथा अस्पतालमा चिकित्सकको प्रदर्शन जारी

एएएनआई

कलकत्ता । भारतको पश्चिम बङ्गालराज्यको कलकत्तामा गत अगष्ट ९ तारिखमा महिला सहकर्मीको हत्या र कथित यौन दुर्व्यवहारको विरोधमा विद्यार्थी र जुनियर चिकित्सकहरूले 'आरजी कर मेडिकल कलेज एण्ड हस्पिटल'मा प्रदर्शन जारी राखेका छन् ।

चिकित्सकको यो आन्दोलनको प्रभाव देशका अन्य स्थानहरूमा पनि परेको छ । चिकित्सकहरूले तेलङ्गाना, तमिलनाडु, उत्तर प्रदेश र मुम्बईलगायतका देशका धेरै बनेका छन् भने चिकित्सा समुदायद्वारा देशव्यापी हडताल र विरोध प्रदर्शन गरिरहेका छन् । अगष्ट १४ मा आरजी कर मेडिकल कलेजमा रहेको अस्पताल परिसरमा प्रदर्शन गर्न जम्मा भएको भीडले तोडफोड गरेको थियो भने अस्पतालको सुरक्षालाई मध्यनजर गर्दै सुरक्षाकर्मी हवाइ फाएर र अश्रु ग्याससमेत प्रयोग गरी भीडलाई तितरबितर पारेका थिए।


कानून र व्यवस्था कायम राख्न, कलकत्ता प्रहरीले आरजी कार मेडिकल कलेज




शहरहरूमा विरोध प्रदर्शन गरेका छन् । कलकत्ता उच्च न्यायालयको आदेशपछि यो मुद्दा राज्य प्रहरीबाट केन्द्रीय अनुसन्धान ब्यूरोमा स्थानान्तरण गरिएको छ ।

कलकत्ताको आरजी कर मेडिकल कलेजमा ड्युटीमा रहेका बेला एक स्नातकोत्तर प्रशिक्षार्थी चिकित्सकको बलात्कारपछि हत्या गरिएको विरोधमा विद्यार्थी तथा चिकित्सक आन्दोलित र अस्पतालको वरिपरि अगस्ट १८ देखि कार्यान्वयन हुनेगरी संविधानको धारा १६३ लागू गरेको छ । जारी विरोध प्रदर्शनबीच कलकत्ता प्रहरीले मेडिकल कलेज र अस्पतालको वरिपरि सात दिनको लागि भारतीय नागरिक सुरक्षा संहिता (सन् २०२३ पहिले सीआरपीसीको धारा १४४) को धारा १६३ लागू गरिएको जनाएको छ ।रासस

# ललितपुरको छम्पीमा भैरवकोख्वापा:सहितको आर्ट भिलेज




काठमाण्डु । ललितपुर गोदावरीको छम्पीमा भैरवको ख्वापाः (मुखाकृती)सहितको 'नेपाल आर्ट भिलेज' निर्माण हुने भएको छ। पञ्चधातु प्रयोग गरी निर्माण गरिने भैरवको ख्वापाः ७२ फिट अग्लो, ५८ फिट चौडाइ र ६५ टन तौलको हुने र उक्त ख्वापाः विश्वकै ठूलो हुने परियोजनाका संस्थापक सदस्य एवं प्रवक्ता रुपकमान महर्जनको दाबी छ।

ख्वापाःलाई पाँच तलाको आर सिसी भवनमा फ्रेम बनाएर एसेम्बल गरिनेछ । भवनको अगाडीपट्टी ख्वापाः र भवनमा कला सङ्ग्रहालय स्थापना हुनेछ । कूल २३८ रोपनी क्षेत्रफलमा फैलिने परियोजनाको पहिलो चरणमा ५२ रोपनी क्षेत्रमा भैरवको ख्वापाः तथा अन्य सम्पदा र १८६ रोपनी क्षेत्रफलमा कलाग्राम रहनेछ।

"भैरवको ख्वापाःको अवलोकनसँगै भैरवसँग सम्बन्धित जानकारी अध्ययन गर्न पाइनेछ", प्रवक्ता महर्जनले भने, "भवन परिसरमा भगवान गणेशका १६ प्रकारका मूर्ति तथा ६४ वटा विभिन्न भैरवका मूर्ति समेत राखिनेछन् ।" मुखाकृतिको ४२ फिटको उचाईमा भएको भैरवको आँखा (भैरवदृष्टि) बाट काठमाडौं उपत्यका तथा मनोरम हिमश्रृंखलाको अवालेकन गर्न सकिने जनाइएको छ । ख्वापाः परिसरमा विभिन्न समुदायको रैथाने परिकार उपलब्ध हुने भोजनस्थल तथा सभा कक्ष निर्माण गरिनेछ । परम्परागत जीवनशैली झल्काउने देवीदेवताका मठमन्दिर, ढुङ्गेधारा, पोखरी र बगैंचा जस्ता भौतिक कलायुक्त सम्पदा, प्रदर्शनी कक्ष, सभागृह, रंगमञ्च, हेलिप्याड, पुरातन बस्ती, बृद्धाश्रम, विवाहमण्डप, योग केन्द्र, भ्वय् छें (ब्याङ्क्वेट), टेन्ट क्याम्प, साहसिक एवं मनोरञ्जनात्मक खेलकूद, स्वीमिङपुल लगायतको समेत सुविधा हुने बताइएको छ।

परियोजनालाई कला नगरीका रुपमा विकास र प्रवर्द्धधन गर्ने उद्देश्य लिइएको छ। महर्जनका अनुसार त्यहाँ निर्माण हुने हरेक पूर्वाधारमा कला देख्न पाइनेछ । वरिष्ठ कलाकार स्व. राजकुमार शाक्यको नेतृत्वमा ख्वापाः निर्माण सुरु भएको थियो। हाल शाक्यका दुई छोरा स्वरुप र सौरभ शाक्य नेतृत्वको कलाकार टोलीले उक्त जिम्मेवारी लिएको छ।प्रसिद्ध मूर्तिकार राजेश अवालेको परिकल्पनामा विसं २०७४ मा जग्गा एकीकरण/सङ्कलन गरी सुरु भएको परियोजनाको २०७७ सालमा विधिवत् रुपमा शिलान्यास गरिएको थियो । तर संस्थापक अध्यक्ष तथा प्रसिद्ध कलाकार राजकुमार शाक्यको निधनका कारण निर्माण प्रक्रिया केही समय सुस्ताएको थियो । हाल भैरव ख्वापाः निर्माण कार्य तीव्र गतिमा भइरहेको नेपाल आर्ट भिलेज प्रालिका अध्यक्ष राजेन्द्र शाक्यले जानकारी दिनुभयो।


विभिन्न क्षेत्रका ऊर्जावान कलाप्रेमी, व्यापारी, सामाजिक उद्यमी एवम् समाजका अग्रज एवम् प्रबुद्ध व्यक्तित्व समेतको संलग्नतामा परियोजना सुरु गरिएको शाक्यको भनाइ छ । कम्पनीका सञ्चालकमा अध्यक्ष राजेन्द्र शाक्यसहित राजेश अवाले, रुपक मान महर्जन, जीवन रत्न शाक्य, मदन मान महर्जन, उर्मिला शाक्य र सानुछोरी शाक्य हुनुहुन्छ ।परियोजना नेपाली कलासंस्कृतिकको जगेर्ना, परम्परागत सीप, कौशलको उजागर, प्रचारप्रसार तथा पर्यटन प्रबर्द्धनका लागि आवश्यक योजना तथा कार्यक्रम तय गरी अनुसन्धान र विकास गर्ने उद्देश्यले सुरु गरिएको परियोजनाका संस्थापक सदस्य एवं प्रवक्ता रुपकमान महर्जनले बताउनुभयो।

कलाग्राम ललितपुरको एकान्तकुनाबाट भैंसेपाटी-बुङ्गमति हुँदै १० दशमलव पाँच किलोमिटर, एकान्तकुनाबाट चुनिखेल हुँदै १३ किलोमिटर र सातदोबाटोबाट चापागाउँ हुँदै १५ किलोमिटरको दूरीमा छ । हाल त्यहाँ पुग्ने सडकमार्ग स्तरोन्नतिका लागि सम्बन्धित निकायमा पहल भइरहेको र काम अघि बढाइएको जनाइएको छ। ललितपुरबाट हेटौंडा जोड्ने कान्ति लोकपथको टिकाभैरवबाट तीन किलोमिटरको दूरीमा पुग्न सकिन्छ। हाल यस क्षेत्रमा सडक र खानेपानीका लागि केन्द्र र प्रदेश दुबै सरकारबाट समेत बजेट विनियोजन भइसकेको जनाइएको छ ।परियोजनाअन्तर्गत नेपाली वास्तुकला शैलीमा आवास भवन निर्माण गरिनेछ । आवास क्षेत्रलाई व्यापारिक, पुरातन शैलीको घरबास र निजी निवास निर्माण गरिनेछन्। व्यापारिक क्षेत्रमा कम्पनीको नियमअनुसार व्यापार व्यवसाय सञ्चालन गर्न सकिनेछ। परम्परागत घरबास कार्यक्रमलाई पर्यटन प्रवर्द्धन हुने गरी सञ्चालन गरिनेछ।

साथै परम्परागत कला, सीप र प्रविधिसहितको कलाग्राम स्थापना गरिनेछ। कलाग्राममा नेपाली सांस्कृतिक सम्पदाको जगेर्ना, हस्तकला उत्पादन र प्रदर्शन तथा आन्तरिक र बाह्य पर्यटनलाई बढावा दिने उद्देश्य लिइएको छ। कलाग्राममा हस्तकलाका परम्परागत हस्तकलाका आठ विधिहरु सुनचाँदीका गरगहना, थं ज्याः (तामा पित्तल र काँसका भाँडाकुँडा तथा मूर्तिहरु), थ्व ज्याः, मा ज्याः (तामा पित्तलका पत्रका भाँडकुँडा तथा मूर्तिहरु), काष्ठकला, प्रस्तर कला, पौवा कला, चा ज्याः (माटाका भाँडाकुँडा) र नः ज्याः (विभिन्न हातहतियार तथा आवश्यक घर घरानामा उपयोग हुने फलामका सरसामान)लाई प्राथमिकता दिइ तालिम केन्द्र सञ्चालन पनि गर्ने योजना छ । भविष्यमा नेपाल भरका अन्य हस्तकलाका विधा पनि समावेश गर्ने लक्ष्य छ । कम्पनीका अनुसार परियोजनालाई प्राकृतिक रुपमा समेत उपयोगी बनाउन ग्राममा वनस्पति उद्यान केन्द्र पनि बनाइनेछ । केन्द्रमा लोपोन्मुख र बहुउपयोगी वनस्पति संरक्षण र सम्बर्द्धनको उद्देश्य लिइएको छ।

दिगो विकासका लागि प्राकृतिक सम्पदाको महत्वबारे जनचेतना फैलाई प्रकृतिमैत्री विकास, जैविक विविधता संरक्षण, नवीकरणीय ऊर्जा प्रयोगमा जोड, थोपा सिँचाइ प्रणाली, वृक्षारोपण, माटो परीक्षण, बागवानी व्यवस्थापन जस्ता विषयमा परामर्श सेवा प्रदान गरिनेछ । वातावरणसम्बन्धी अगुवाद्वारा कार्यशाला तथा सेमिनार सञ्चालन गरिनेछ। विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीका लागि जीवन्त प्रयोगशाला (लाइभ ल्याबोरेटोरी) केन्द्रका रुपमा उद्यानको विकास गरिनेछ ।आगन्तुकलाई 'जङ्गल पथ'बाट जङ्गल परिक्रमा गराउने व्यवस्था गरिनेछ। परिक्रमाका क्रममा वन्यजन्तु, पशुपंछी तथा वनस्पतीको विविधता अवलोकन गर्ने अवसर मिल्ने छ । यस क्षेत्रमा पदयात्रा, साइक्लिङ, क्याम्पिङ र क्याम्पफायरका लागि स्थान पहिचान र विकास गरिने जनाइएको छ ।रासस

# तीन हजार बिन्दुबाट ओरालो लाग्यो नेप्से परिसूचक



काठमाण्डु। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३४ दशमलव ४७ अङ्कले ओरालो लागेर दुई हजार नौ सय ६६ दशमलव ३३ मा सीमित भएको हो।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ६५ अङ्कले ओरालो लागेर पाँच सय २८ दशमलव ८५ मा सीमित भएको छ। नेप्सेका अनुसार आइतबार कूल छ करोड ५४ लाख ७५ हजार तीन सय ६६ कित्ता शेयर रु २८ अर्ब ८३ करोड ६९ लाख ९७ हजार तीन सय ७६ मा कारोबार भएको छ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ। राष्ट्रिय बीमा कम्पन, लाइफ इन्स्योरेन्स कर्पोरेसन, मल्टीप्रपोज फाइनान्स कम्पनी र सम्पदा लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै, लिवर्टी इनर्जी कम्पनीका लगानीकर्ताले नौ दशमलव ९३ प्रतिशतले कमाएका छन् ।नेपाल फाइनान्स १०, सगरमाथा जलविद्युत् कम्पनी आठ दशमलव ५२, न्यादी हाइड्रोपावर आठ दशमलव ४६, शुभम पावर सात दशमलव ७४ र मातृभूमि लघुवित्तका लगानीकर्ताले सात दशमलव ५८ प्रतिशतले गुमाएका छन् ।रासस

# सहकारीमार्फत आयआर्जनमा जोडिँदै दाङका महिला



घोराही । पछिल्लो समय सहकारी संस्थाका कारण महिला स्वरोजगार बन्दै गएका छन् । जिल्लामा खुलेका सहकारी संस्था महिलाका लागि आम्दानीका स्रोत बन्दै गएका हुन् ।

विगतमा घरको काम र घाँसपातमा व्यस्त हुने महिला गाउँघरमा सहकारी खुलेपछि अहिले आफ्नो र परिवारका लागि रकम जम्मा गर्नाका साथै ऋण लिएर आयआर्जनसमेत गर्न थालेका छन् । बेफुर्सदिला हुन थालेका अधिकांश महिलाले रकम झिक्ने र राख्ने गर्दा सहकारी संस्था पनि फलदायी तथा नाफामुखी बन्दै गएका छन्।

दाङको राप्ती गाउँपालिका-५ सिसहनियामा रहेको सिसहनिया साना किसान कृषि सहकारी संस्थामा आबद्ध हुनुभएका राप्ती-८ पिपरीका बेला नेपाली सहकारीमा जोडिएको एक वर्ष भयो । कृषिसम्बन्धी बीउ, मल पाउँदा उहाँ खुसी हुनुहुन्छ । उहाँले व्यावसायिक रूपमा कृषि व्यवसाय गर्दै आउनुभएको छ । उहाँ सहकारीमार्फत सहुलियतमा ऋण लगेर लगानी गरेको बताउनुहन्छ। यस वर्षमात्र घरमा खाएर बचेको चार-पाँच क्विन्टल आलु बेच्ने गरेको उहाँले बताउनुभयो । आफ्नोतर्फबाट धेरै महिला दिदीबहिनीलाई पनि सहकारीमा जोड्न सफल भएको उहाँले बताउनुभयो।

संस्थामा आबद्ध भएपछि थोरै भए पनि बचत गर्नुपर्छ भन्ने बानीको विकास भएको किसान नेपालीले बताउनुभयो। "संस्थामा बचत गरेको रकमले आफूलाई समस्या परेको समयमा निकालेर समस्या समाधान गर्न सकिन्छ", उहाँले भन्नुभयो । सहकारी संस्थामा मासिक रु पाँच सय बचत गर्दै आएको उहाँ बताउनुहुन्छ । उहाँजस्तै सहकारीका अर्का सदस्य राप्ती गाउँपालिका-८ का श्यामकली चौधरी सहकारीमा आबद्ध भएपछि खुसी हुनुहुन्छ । आवश्यक परेको बेला मल, बीउ, कृषि औजारजस्ता सामग्री अनुदानमा पाइने भएकाले कृषि व्यवसाय गर्न सहज भएको उहाँ बताउनुहुन्छ। अहिले १० कठ्ठामा आलुखेती, १७ कठ्ठामा मकैखेती गर्दै आएको उहाँ भन्नुहुन्छ।

चौधरीले भन्नुभयो, "दुःख नगरेर कृषिमा आम्दानी हुँदैन, आफैं खटिएर काम गर्ने हो भने राम्रो आम्दानी लिन सकिन्छ ।" दुई-चार रुपैयाँ आवश्यक परेको बेला अरुसँग हात थाप्नुभन्दा आफैं कृषि व्यवसाय गरेर आम्दानी पनि राम्रो हुँदै गएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "खाली समयमा घरमा बस्नुभन्दा कृषि पेशा आम्दानीको राम्रो स्रोत भएको छ ।" उहाँले कृषि पेशाबाटै मासिक रु १०-१५ हजार बचत गर्ने गरेको बताउनुभयो । चौधरी आफूजस्तै अन्य दिदीबहिनीलाई पनि कुनै न कुनै पेशा-व्यवसायमा जोडिन आग्रह गर्नुहुन्छ।

सोही ठाउँका सुनिताकुमारी चौधरी पनि नौ महिनादेखि सहकारीमा आबद्ध हुनुहुन्छ । सिसहनिया साना किसान कृषि सहकारी संस्थाबाट समयमा मल पाउने हुँदा उहाँले १८ कठ्ठामा मकैखेती र १४ कठ्ठमा आलुखेती गर्नुभएको छभने मकै लगाउन मेसिन, मकैको बीउ पनि ५० प्रतिशत अनुदानमा प्राप्त गर्दै आउनुभएको छ। सिसहनिया साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष विष्णु गुरुङले विगत सात वर्षदेखि सञ्चालनमा रहेको सहकारीमा महिला मात्र आबद्ध हुँदै आएको बताउनुभयो । हाल संस्थामा आठ सय ४० सदस्य हुनुहुन्छ । सहकारीका सदस्यले विभिन्न कृषिसम्बन्धी सहयोग प्राप्त गर्दै आएको उहाँले बताउनुभयो।

सहकारीले महिलामा आपसी सद्भाव, सहकार्य, सिकाइ आदानप्रदानका कुरामा पनि महत्त्वपूर्ण भूमिका खेल्दै आएको उहाँले बताउनुभयो। सहकारीबाट सहुलियतमा ऋण लगेर विभिन्न पेशा, व्यवसायमा जोडिएर स्वावलम्बन बन्न सफल भएको उहाँ बताउनुहुन्छ ।रासस

# दुई हजार चार सय ९७ पिन्ट रगत वितरण

अस्पतालमा आउने सिकलसेलका बिरामीले मासिक तीन पिन्टसम्म रगत लिने गरेका केन्द्रका कर्मचारी अरुण चौधरीले बताउनुभयो ।




टीकापुर । नेपाल रेडक्रस सोसाइटी टीकापुर उपशाखाद्वारा सञ्चालित रक्तसञ्चार केन्द्रले गत आर्थिक वर्षमा दुई हजार चार ९७ पिन्ट रगत वितरण गरेको छ। केन्द्रले दुई हजार पाँच सय ५९ पिन्ट रगत सङ्कलन गरेको थियो।

केन्द्रमा १८ पिन्ट रगत बाँकी रहेको भन्दै २१ पिन्ट अन्य रक्तसञ्चार केन्द्रमा पठाइएको र २३ पिन्ट रगत म्याद गएर खेर गएको रेडक्रस टीकापुर उपशाखाका सभापति दत्तबहादुर विष्टले जानकारी दिनुभयो। उहाँका अनुसार वितरण भएको रगतमध्ये दुई हजार एक सय ८७ पिन्ट टीकापुर अस्पतालमा र बाँकी यहाँका निजी अस्पतालमा खपत भएको छ । सबैभन्दा बढी नौ सय २२ पिन्ट 'बी' पोजेटिभ र सबैभन्दा कम तीन पिन्ट 'एबी' नेगेटिभ रगत वितरण गरिएको छ।

रेडक्रसले विभिन्न सङ्घसंस्था, विद्यालय, प्रहरी तथा समूहसँग रक्तदान कार्यक्रममार्फत रगत सङ्कलन गरेको विष्टको भनाइ छ । टीकापुर अस्पतालमा दैनिक शल्यक्रिया हुन थालेपछि रगतको माग बढ्दै गएको छ। केन्द्रको तथ्याङ्कअनुसार सङ्कलन भएको रगतमध्ये एक हजार सात सय पिन्ट रगत महिलामा प्रयोग हुने गरेको छ। टीकापुर अस्पतालमा शल्यक्रियामार्फत सुत्केरी गराउने र सुत्केरी हुने बेला अत्यधिक रक्तस्राव हुँदा रगत आवश्यक पर्ने अस्पतालका स्त्री रोग विशषेज्ञ डा सञ्जयकुमार दासले बताउनुभयो । शल्यक्रिया गर्दा दुई/तीन पिन्टसम्म रगत आवश्यक पर्दछ । टीकापुर अस्पतालमा अहिले स्त्रीरोगबाहेक हाडजोर्नीको पनि शल्यचिकित्सकमार्फत शल्यक्रिया हुने गरेको उहाँले जानकारी दिनुभयो।

अस्पतालमा आउने सिकलसेलका बिरामीले मासिक तीन पिन्टसम्म रगत लिने गरेका केन्द्रका कर्मचारी अरुण चौधरीले बताउनुभयो। "रगतको माग बढिरहेको छ, सङ्कलन कम हुँदा समस्या हुन्छ", उहाँले भन्नुभयो। कैलाली र बर्दियाको करिब ५० प्रतिशत नागरिक टीकापुरको रक्तसञ्चार केन्द्रका भरमा पर्ने उहाँको भनाइ छ । "रक्तदान गर्ने वानीको विकास गर्न सचेतना आवश्यक छ, यसमा सबैले सहयोगी भूमिका खेल्नुपर्छ । केन्द्रले हरेक ग्रुपको एक/दुई पोका रगत भण्डारण गरेर राख्ने गरेको छ", चौधरीले भन्नुभयो, "रगत लिन आउनेले पनि दिने मान्छे खोज्ने नियम बनाएका छौं, तर कार्यान्वयन भएको छैन।"

रगतको माग बढ्दै जाने र रक्तदान गर्नेको सङ्ख्या घट्दै जाँदा रगत अभाव हुने रेडक्रस टीकापुर उपशाखाका सभापति विष्टले बताउनुभयो । "वार्षिक दुई हजार पाँच सय बढी पिन्ट रगत वितरण गर्नु सामान्य होइन । सङ्कलनमा नै समस्या छ, रक्तदान गर्न नागरिक मान्नुहुँदैन", उहाँले भन्नुभयो । रगत 'सेप्रेसन' मेसिन भएमा सेवाग्रहीलाई उपलब्ध गराउन सहज हुने विष्टको भनाइ छ। "स्थानीयदेखि सङ्घीय सरकारसँग 'सेप्रेसन' मेसिनका लागि पहल गरेका छौं, अहिलेसम्म सुनुवाइ भएको छैन", उहाँले भन्नुभयो । सेप्रेसन मेसिन भएमा दुई हजार पाँच सय पिन्ट रगतले यस क्षेत्रको माग धान्ने जनाउँदै विष्टले सेप्रेसन मेसिनमार्फत एक पिन्टबाट चारजनालाई आवश्यक पर्ने रगत उपलबध गरउन सकिने उल्लेख गर्नुभयो।

अहिले टीकापुर र भजनी नगरपालिका, जानकी र जोशीपुर गाउँपालिकाले निःशुल्क रुपमा एक व्यक्तिलाई तीन पिन्टसम्म रगत उपलब्ध गराउने गरेका छन् । यसबापत ती पालिकाले रेडक्रसलाई एकमुष्ट रकम भुक्तानी गगर्दछन् । यो कार्यक्रम विगत पाँच वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको सभापति विष्टले जानकारी गराउनुभयो । विसं २०६६ देखि सञ्चालनमा आएको रक्तसञ्चार केन्द्रले स्थापनाकालमा आकस्मिक सेवा दिने गरेको थियो। रेडक्रसले आफ्नै पहलमा केन्द्र सञ्चालन गरी चौबिसै घण्टा सेवा प्रवाह गरिरहेको छ।

**अनुदान नपाउादा घर निर्माण अधुरै**

विदुर नगरपालिका-८ का रमेश पौडेलको बसोबास गर्दै आएको घर नजिकै निरन्तर बगिरहेको खात्रे खोला (केउरिनी) पहिरोको उच्च जोखिममा छ। सरकारले सुरक्षित स्थानमा नयाँ आवास बनाउन विसं २०७८ चैतमा पहिलो किस्ताबापत रु ५० हजार दिएसँगै पौडेलले घरको जग हाल्नुभयो। थप रकम नपाउँदा घर निर्माण अधुरै रहेको उहाँले बताउनुभयो।

"पहिरो अनुगमन गर्न गाउँ आएका सरकारी प्राविधिकले जोखिम भएको ठाउँमा बस्न हुँदैन, सुरक्षित स्थानमा घर बनाउनुहोस् भन्नुभएको छ । सरकारले अनुदान दिने व्यवस्था छ भनेपछि घर बनाउन सुरु गर्‍यौं", उहाँले भन्नुभयो, "हामीले पनि रकम थप्न सकेनौ । सरकारी अनुदान पनि हालसम्म पाइएन । सुरक्षित ठाउँको घर अधुरै हुँदा जोखिम भनेको स्थानमा नै बसिरहेका छौं।"

पौडेल जस्तै विदुर-८ केउरिनी पहिरोबाट विस्थापित भएका दश परिवारले सुरक्षित स्थानमा घर बनाउन अनुदान सहयोग नपाउँदा जोखिमको घरमा बसोबास गर्दै आइरहेका छन् । पहिरो नियन्त्रण गर्न र सुरक्षित स्थानमा घर बनाउन सरकारी सहयोग खोज्दै वडा, पालिका तथा प्रशासनसम्म पुगे पनि आश्वासन मात्र पाएको पहिरो पीडित सङ्गीता तामाङले गुनासो गर्नुभयो । "बालबच्चा जोगाउन कोलनी बजारमा कोठा लिएर राखेका छौं। आफूहरु भने खेतीपाती र पशुचौपाय कुरेर पहिरोको उच्च जोखिम भएको घरमै बस्दै आएका छौं", उहाँले भन्नुभयो। रासस

# आयुर्वेद सेवामा आकर्षण बढ्दै

दमौली । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तनहुँले एक वर्षमा २६ हजार छ सय ८४ सेवाग्राहीलाई सेवा प्रदान गरेको छ । कार्यालयले गत आर्थिक वर्षमा उक्त सङ्ख्यामा सेवाग्राहीलाई सेवा प्रदान गरेको हो।

आयुर्वेद सेवाप्रति जिल्लामा सर्वसाधारणको आकर्षण बढ्दै गएको आयुर्वेद स्वास्थ्य केन्द्रले जनाएको छ । कार्यालयले आव २०७९/८० मा भन्दा गत आवमा सात हजार चार सय ६७ बढीले सेवा लिएको कार्यालयका आयुर्वेद चिकित्सक डा नारायण श्रेष्ठले बताउनुभयो।

बहिरङ्ग (ओपिडी) नौ हजार दुई सय ७१, ज्येष्ठ नागरिक सेवा एक हजार छ सय २४, योग आठ हजार तीन सय ४३, पञ्चकर्म तथा पूर्वकर्म पाँच हजार पाँच सय १३, स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्द्धक सेवा दुई सय ८१, क्षार सूत्र १७, प्रयोगशाला सात सय ६३ र फिजियोथेरापी आठ सय ७२ जनाले लिएको उहाँले जानकारी दिनुभयो । जिल्लाका चार ठाउँमा नागरिक आरोग्य केन्द्र विस्तार भएको छ । डा श्रेष्ठका अनुसार बन्दीपुर गाउँपालिका-१ मा डुम्रे, घिरिङ गाउँपालिका-५ मा घिरिङ, देवघाट गाउँपालिका-५ मा देवघाट र आँबुखैरेनी गाउँपालिका-१ मा आँबुखैरेनी नागरिक आरोग्य सेवाकेन्द्र सञ्चालनमा आएका छन्।

जिल्लाका तीन पालिकामा अझै पनि आयुर्वेद स्वास्थ्य सेवा पुर्‍याउन नसकिएको उहाँको भनाइ छ। "दश पालिकामध्ये देवघाट, आँबुखैरेनी र घिरिङ गाउँपालिकामा आयुर्वेद स्वास्थ्य संस्था पुगेको छैन। ती पालिकामा नागरिक आरोग्य सेवा सञ्चालनमा ल्याएका छौं", उहाँले भन्नुभयो। केन्द्रले पतञ्जली योग समितिसँग समन्वयगरी कार्यालयको योगहलमा स्वस्थ जीवन कार्यक्रम सञ्चालन गर्दै आएको छ । जिल्लाका स्थानीय तह तथा सरोकार भएकासँग निरन्तर समन्वय र सहकार्य गर्दै आयुर्वेदिक उपचार प्रणालीको प्रवर्द्धन गरिरहेको डा श्रेष्ठले बताउनुभयो। कार्यालयका लागि सात जनाको स्वीकृत दरबन्दी रहेकामा हाल पाँच जना कार्यरत छन्। उहाँका अनुसार केन्द्रमा ढाड दुख्ने समस्या भएका बिरामीलाई लक्षितगरी थेरापी मेसिन सञ्चालन गरिएको छ।



गण्डकी प्रदेश सरकारको सहयोगमा कार्यालयले थेरापी मेसिन खरिद गरेर सञ्चालनमा ल्याएपछि ढाड दुख्ने समस्या भएका बिरामीको सङ्ख्या बढेको केन्द्रका डा श्रेष्ठले उल्लेख गर्नुभयो । "आयुर्वेद उपचारमा उपयोगी पञ्चकर्म, फिजियोथेरापी तथा क्षारसुत्रका साथै रोग अनुसार दैनिक योग पनि सञ्चालन गरिरहेका छौं", उहाँले भन्नुभयो, "आयुर्वेदिक स्वास्थ्य सेवाप्रति सर्वसाधारणको आकर्षण बढेसँगै कर्मचारीको सीप, उत्साह र जाँगरमा वृद्धि हुँदै गएको छ।"

विसं २०५२ मा स्थापित आयुर्वेद स्वास्थ्य केन्द्रले रोग निदानात्मक, उपचारात्मक, स्वास्थ्य प्रवर्द्धनात्मक, रोग रोकथाम र स्वास्थ्य परामर्शका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । प्रदेश निर्देशनालयले आयुर्वेद संस्थाको अनुसन्धानगरी दरबन्दी थप गर्नुपर्ने, चारपाङ्ग्रे सवारीसाधनको व्यवस्था गर्नुपर्ने, औषधि खरिद गर्न बजेट वृद्धि गर्नुपर्नेमा डा श्रेष्ठले जोड दिनुभयो ।रासस

## पर्यटक आगमन दोब्बरले बढ्यो

म्याग्दी। पुर्वीरुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन शिकार आरक्षमा आन्तरिक पर्यटक आगमन दोब्बरले बढेको छ।

विदेशी सिकारीका अलावा पछिल्ला केही वर्षयता देशका विभिन्न ठाउँबाट आन्तरिक पर्यटकहरु ढोरपाटन घुम्न आउने क्रम बढेको हो। विसं २०८१ को साउनमा पाँच सय ८१ जना नेपाली पर्यटकहरुले ढोरपाटन भ्रमण गरेका आरक्षका संरक्षण अधिकृत मण्डिप पंगेनीले बताउनुभयो।"आर्थिक वर्ष २०७९/०८० को तुलनामा आर्थिक वर्ष २०८०/०८१ मा पर्यटक आगमन दोब्बरले बढेको छ," उहाँले भन्नुभयो, "२०७९/०८० मा पर्यटक प्रवेश शूल्कबाट रु नौ लाख ८३ हजार दुई सय राजस्व संकलन भएकोमा २०८०/०८१ मा रु १९ लाख ३३ हजार सात सय पुगेको छ।"

आर्थिक वर्ष २०७९/८० मा सात हजार छ सय ४५ जना पर्यटक भित्रिएको ढोरपाटनमा २०८०/८१ मा १५ हजार पाँच सय ७३ जनाले भ्रमण गरेका छन्। सार्क राष्ट्रका चार, अन्य देशका एक सय दुई र १५ हजार चार सय ६७ जना नेपाली ढोरपाटन आएका थिए। आर्थिक वर्ष २०७८/७९ मा नौ हजार नौ सय १९, २०७७/०७८ मा छ हजार सात सय तीन र २०७६/०७७ मा तीन सय २० जनाले ढोरपाटन घुमेका थिए। रासस

# विद्यालयको ११ विघा जग्गा भुमाफियाको कब्जामा

बखतियार अलि

मलंगवा । सर्लाहीको श्रीमती कृष्णा देवी जनता माध्यमिक विद्यालयको ११ विघा जग्गा भुमाफियाहरुले कब्जामा लिएका छन् ।

प्रधानाध्यापक युगेश्वर राउतले भुमाफियाहरुले विद्यालयको जग्गा कब्जा गरी परिसरमा रहेका १३ वटा सटरहरुको भाडा व्यापारीहरुले समेत दिन आनाकानी गरिरहेको आरोप लगाएका छन् ।




उनले ६ वर्षदेखि व्यापारीहरुले भाडा नदिएको गुनासो समेत गरे । सटरहरुको भाडाबाट आउने करिब १७ लाख रुपैयाँ व्यापारीहरु माथि बाकी रहेको छ ।

पटक- पटक व्यापारीहरुलाई ताकेता गरे पनि राजनीतिक धाकधम्की देखाएर रकम भुक्तान नगरेको प्रधानाध्यपक राउतले बताए । जसले गर्दा विद्यालयको आर्थिक अवस्था दिनप्रतिदिन खस्किदै गएको छ । उनले भने, 'हामी शिक्षक हौं, पठनपाठन गराउने कि जग्गाको संरक्षण गर्ने, सटरभाडा मागेपछि व्यापारीहरुले उल्टै हप्काउन खोज्ने गरेकोले हामी स्थानीय निकायलाई गुहार्‍यौं ।'

# शहीद रामवृक्ष यादवको स्मृति दिवस मनाइयो

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा विभिन्न ठाउँमा शहीद रामवृक्ष यादवको ३० औं स्मृति दिवस मनाइएको छ ।

मोहन वैद्य किरण नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल धनुषाले जनकपुरधामको जनक चोकमा शहीद रामवृक्ष यादवको स्मृति दिवस मनाएको छ भने नेकपा माओवादी केन्द्र धनुषाले पनि स्मृति दिवस मनाएको छ ।

जनकपुरधामको जनक चोकमा भएको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका केन्द्रीय सचिवालय सदस्य कृष्णदेव सिंह दनुवारले लामो समयसम्म सत्ताको नेतृत्व गरेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले शहीदको नाम भजाएको आरोप लगाएका छन्

जनकपुरधाममा आइतबार शहीद रामवृक्ष यादवको ३० औं स्मृति दिवस कार्यक्रममा बोल्दै नेता दनुवारले सत्तामा टिक्नकै लागि शहीदको बाटो र शहीदको सपनालाई समत कुल्चेर परिवारवादमा रमाएको उनले प्रचण्डमाथि आरोपसमेत लगाए ।




सत्ताको नेतृत्व गरेका पूर्वप्रधानमन्त्री प्रचण्डले शहीदलाई न्यायसमेत दिन नसकेको भन्दै नेता दनुवारले दश वर्षे जनयुद्धले भएको परिवर्तनको अनुभुति जनतालाई पनि गराउन नसकेको र जनयुद्धबाट प्राप्त उपलब्धीलाई समेत रक्षा गर्नबाट चुकेको आरोप लगाए ।

क्रान्तिकारी कम्यूनिष्ट पार्टी नेपाल केन्द्रीय सदस्य शीतल कर्णले मुलुकको प्रधानमन्त्रीको कुर्सीमा जो सुकै बसे पनि देशलाई तस्करहरुले नै चलाएको दाबी गरे ।

उनले मुलुकमा भइरहेको महँगी, घुसखोरी, कालोबजारी, तस्करी, शिक्षा र स्वास्थ्य क्षेत्र समेत तस्करहरुको जालोले नै चलाएको आरोप लगाए ।

धनुषाका पार्टी संयोजकसमेत रहेका केन्द्रीय सदस्य कर्णले सरकारको नियन्त्रणमा कालोबजारी, तस्करी, माफियाहरु नरहेको भन्दै उनले भने, 'सरकारलाई नै तस्करी, कालोबजारी र माफियाहरुले संचालन गरिरहेको छ ।'

त्यस्तै केन्द्रीय सदस्य महेश यादवले शहीद रामवृक्षको चर्चा गर्दै उनको हत्याराको पहिचान गरी कारबाही गर्न सरकारसंग माग गरे । वामपन्थी नेता रोशन जनकपुरीले जनयुद्धको थालनीको क्रममै कांग्रेसको योजनामा रामवृक्ष यादवको हत्या भए पनि अहिलेसम्म पनि हत्यारालाई खोजतलास गरी कारबाही नहुनु दुःखद रहेको बताए ।

उनले प्रचण्डले पटक पटक सरकारको नेतृत्व गरे पनि शहिदको स्मरण गरे पनि न्यायका लागि मुलुक परिवर्तन भएको अनुभुति जनतालाई गराउनका लागि पहलकदमी लिन नसक्नु दुःखद रहेको बताए ।

यता माओवादी केन्द्रले धनुषाको बरमभियामा भव्य कार्यक्रम गरी शहीद रामवृक्ष यादवको स्मृति दिवस मनाएको छ ।

# सामुदायिक वनको जग्गा अख्तियारलाई दिने निर्णयको विरोध

टुडे समाचारदाता

बर्दिबास । महोत्तरीको नेवारडाँडा कामीडाँडा सामुदायिक वनको जग्गा बर्दिवास नगरपालिकाले अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयलाई आवास बनाउन दिने निर्णय गरेपछि वन उपभोक्ता समिति र स्थानीयले विरोध गरेका छन् ।

गत साउन २७ मा मेयर प्रल्हादकुमार क्षेत्रीले मालपोत कार्यालय बर्दिवासलाई २५ नम्बर बहादुरगञ्ज साविक गौरीबास-१ को कित्ता नम्बर १ को १२ कट्ठा जग्गा भोगचनल गर्न दिन सकिने भन्दै पत्र लेखेपछि उपभोक्ताले विरोध गरेका छन् । संरक्षणमा लाग्नुपर्ने निकाय नै वन मास्न उद्यत देखिएको भन्दै वनको जग्गा जोगाउन जुनसुकै कदम चाल्ने चेतावनी दिए ।



बर्दिवास-१ र ३ मा पर्ने सो जग्गामा आवास भवन बनाउन भन्दै अख्तियार कार्यालय बर्दिवासले नगरलाई माग गरेपछि कार्यालयकै दक्षिणतर्फको खाली जग्गा दिने भन्दै नगरले अनुमति दिएको थियो । सोजग्गा खुला मञ्च बनाउन आवश्यक रहेको भन्दै स्थानीयले विरोध गरेपछि नगरले वनको जग्गा दिने निर्णय गरेको छ । वन संरक्षण गर्नुपर्ने निकायले नै अतिक्रमण गर्ने निर्णय गर्नु लज्जास्पद भएको नेवारडाँडा कामीडाँडा सामुदायिक वनका अध्यक्ष सुदर्शन काफ्लेले बताए । भूमाफियाले पटक-पटक आक्रमण गरेको वनलाई उपभोक्ता समितिले संरक्षण गर्दै आएकाले यसपटक पनि अतिक्रमण हुन नदिन समिति प्रतिबद्ध रहेको काफ्लेले बताए ।

यसअघि उक्त सामुदायिक वन क्षेत्रमा सरोकारवाला निकायमा रहेका जिम्मेवार व्यक्तिले नै हस्तक्षेप गरेर वनभित्र बस्ती बसालिसकेको र वनको जग्गा पटक-पटक बेच्ने गरेकाले हरियो वन नारामा मात्रै सीमित भइसकेको स्थानीय शंकर फुयालले बताए ।

२०६४ मा बर्दिवास सरेका हेमबहादुर सुवेदी त्यतिबेला बाघ लुक्ने जंगलमा अहिले बस्ती बसिसकेको बताउँछन् । वनको नक्सामा रहेको १६ बिघा, ठाडाटोलको १८ कट्ठा, दोङडाँडाको ५ कट्ठा, गढन्तेडाँडा, बहादुरगन्ज २५ नं. कित्ताको २ बिघा, अफिस डाँडाको ७ बिघा जग्गा सामुदायिक वनले आफ्नो जग्गा दाबी गरिरहेकै अवस्थामा व्यक्तिले आफ्नो भनेर दाबी गर्दै अतिक्रमित गरेर बिक्री गरेका छन् ।

वन अतिक्रमणविरुद्ध चर्को आवाज उठेपछि ४ वर्षअघि १६ बिघासहित अन्य क्षेत्रमा प्रदेश वन मन्त्रालयसहित वन कार्यालय महोत्तरीले सामुदायिक वनलाई पुन सीमांकन गरेको थियो । उक्त सिमानाभित्र पर्ने वनको जग्गा अहिले पुनः नगरपालिकाले अख्तियारले भोगचलन गर्न सक्ने भन्दै मालपोतलाई पत्र लेखेपछि वन मास्न सरोकारवाला नै लागेको भन्दै विरोध हुँदै आएको छ ।

# लागुऔषधसहित कारोबारीहरु पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको ग्रामीण भेगबाट ठूलो परिणामको लागुऔषध ओसारपसार हुने गरेको फेला परेको छ । पर्सा प्रहरीले पछिल्ला दिनमा ठूलो परिमाणको लागुऔषध गाँजा र चरेससहित कारोबारी पक्राउ गरेसँगै सो खुलासा भएको छ ।

जिल्ला प्रहरी कार्यालयले गत साउन ३१ गते चार सय ८९ किलोग्राम लागुऔषध चरेससहित कालिकामाई गाउँपालिका-१ मुडली बस्ने फुलसरिफ मियाँलाई पक्राउ गरेको छ । प्रहरीले मियाँले बाँसघारीमा खाल्डो खनेर लुकाइराखेको एक सय ९२ किलोग्राम चरेस, दुई सय ६७ किलोग्राम लागुऔषध गाँजाको धुलो (पोलान्ड) र ३० किलोग्राम गाँजा फेला पारेको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख कुमोध ढुंगेलले विशेष सूचनाका आधारमा पर्साको ग्रामीण क्षेत्रबाट ठूलो परिमाणको लागुऔषध चरेस र गाँजासहित पक्राउ गर्दै आइरहेको बताए ।



प्रहरीले साउन १७ गते पनि ५० किलोग्राम गाँजासहित ठोरी गाउँपालिका-२ सुन्दरबस्ती टोलकी ३० वर्षीया अनिता गुरौंलाई पक्राउ गरेको थियो । गुरौंले आफ्नो घरको पलङभित्र गाँजा लुकाएको भन्ने विशेष सूचनाका आधारमा खानतलासी गर्ने क्रममा सो गाँजा बरामद भएको थियो ।

प्रहरीले जनाए अनुसार आव ०८०/०८१ म लागुऔषध सम्बन्धित दुई सय चार मुद्दा दर्ता भएका थिए । त्यस्तै, आव ०७९/०८० मा तीन सय दुई र आव ०७८/०७९ मा भने दुई सय ३७ लागुऔषधका मुद्दा दर्ता भएका थिए । प्रहरीले आव ०८०/०८१ मा चार सय १० किलोग्राम गाँजा बराबद गरेको थियो ।

त्यस्तै, आर्थिक वर्ष ०७९/०८० मा भने एक हजार एक सय ६५ किलोग्राम र आव ०७८/०७९ मा पनि एक हजार तीन सय ५० किलोग्राम लागुऔषध बरामद गरेको थियो । चरेस पनि आव २०७८/७९ देखि २०८०/८१ सम्मको अवधिमा क्रमशः २३, एक सय ४३ र ९१ किलोग्राम बरामद गरेको थियो ।

# शिवपुराण महायज्ञको आयव्यय सार्वजनिक



टुडे समाचारदाता

बर्दिबास । सडक मानव र आश्रयविहीनको व्यवस्थापनका लागि निर्माण थालिएको 'हाम्रो मायाघर'को सहयोगार्थ बर्दिबासमा आयोजित शिवपुराण महायज्ञको आयव्यय सार्वजनिक गरिएको छ ।

महायज्ञ सम्पन्न भएको चार दिनभित्रै शनिबार साँझ पत्रकार सम्मेलन आयोजना गर्दै शिवपुराण महायज्ञ आयोजक समितिले आयव्यय सार्वजनिक गरेको छ । गत साउन २१ देखि २९ गतेसम्म सञ्चालित महायज्ञमा दाताहरुबाट दुई करोड पाँच लाख नौ हजार तीन सय ३२ रुपैयाँ बराबरको नगद र जिन्सी प्राप्त भएको समितिले जनाएको छ ।

जिन्सीमा सिमेन्ट, इँटा र अन्य निर्माण सामग्री छन् । महायज्ञ सम्पन्न भइसकेयता पनि समितिलाई विभिन्न दाताले पछिल्ला चार दिनबीच रु चार लाख ६९ हजार एक सय ४६ नगद प्राप्त भएको महायज्ञ आयोजक समितिको आर्थिक उपसमितिका संयोजक शम्भुप्रसाद भट्टराईले जानकारी दिए ।

त्यस्तै महायज्ञमा ३० लाख ५० हजार चार सय ८२ खर्च भएको विवरण समितिले सार्वजनिक गरेको छ । यसमा मण्डप निर्माण, पन्डाल व्यवस्थापन, स्टेशनरी, विद्युत्, अतिथि आवास तथा भोजन, प्रचारप्रसार, सञ्चार, यातायात, पूजा सामग्री र भेटीसहितका खर्च शीर्षक छन् ।

बर्दिबास-२ मा निर्माण थालिएको हाम्रो मायाघरको गत बुधबार मधेस प्रदेशका मुख्यमन्त्री शतिशकुमार सिंहले शिलान्यास गरे । सार्वजनिक गरिएको आयव्ययबाहेक प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरीले हाम्रो मायाघर निर्माणमा आवश्यक पर्ने ७१ हजार इँटा उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभएको महायज्ञ आयोजक समितिका संयोजक हिरालाल गौतमले बताए ।

त्यस्तै आयव्यय सार्वजनिकीकरण कार्यक्रममा उपस्थित रहनुभएका दन्त चिकित्सक डा सुवास घिमिरेले हाम्रो मायाघर निर्माणमा रु एक करोड बराबरको सहयोगको समन्वय गर्ने प्रतिबद्धता जनाए । बर्दिबास-२ मा दाताहरुबाट प्राप्त पाँच कट्ठा १० धुर जग्गामा हाम्रो मायाघर निर्माण थालिएको छ । यसको निर्माणमा १० करोड ६९ लाख ४५ हजार खर्च हुने विस्तृत परियोजना प्रस्तावमा उल्लेख गरिएको छ ।

# मूर्ति स्थापना नहुँदै जीर्ण बन्दै मन्दिर

टुडे समाचारदाता

राजविराज । साढे दुई वर्ष अघि निर्माण सकेर चिट्ठिक पारिएको एउटा मन्दिर भवन मूर्ति स्थापना हुन नपाउँदै जीर्ण बन्न लागेको छ ।

मन्दिर भवनको छाना र भित्ता अहिले ठाउँ ठाउँमा चर्किन थालेको छ । कतिले फोटो खिचेर मन्दिरमा मूर्ति स्थापना कहिले हुन्छ ? त कतिपयले जीर्ण हुन लागेको मन्दिर भवनको मर्मत सम्भार कसले गर्छ ? भनेर समाजिक सञ्जाल मार्फत समेत प्रश्न तेर्स्याउन थालेका छन् । तर जवाफ दिने कोही जिम्मेवार जनप्रतिनिधि सामुने आउन चाहदैनन । आएका पनि थाहा छैन भन्दै पन्छिने गरेका छन् ।

सप्तरीको बोदेबसाईन नगरपालिका- १ स्थित गहनौरी स्थित प्रस्तावित राधा कृष्ण मन्दिर भवनको यस्तो विजोग भएको छ । मन्दिर निर्माणमा १० लाख रुपैयाँ लगानी गरेको सो नगरपालिकाका जिम्मेवार जनप्रतिनीधीले यस्को स्पष्ट जानकरी दिन सकेका छैनन । दिन चाहेका छैनन् ।

अढाई वर्ष अघि बनेको मन्दिरमा अहिले सम्म मूर्ती स्थापना न हुनु र लाखौको लगानी गरी बनाइएको मन्दिर भवन जीर्ण हुन लाग्दा पनि मर्मत सम्भारको प्रयास नगरपालिकाबाट नहुनुबारे मेयर आतेश सिंहलाई फोन सम्पर्कका प्रयास गर्दा उनले फोन उठाएनन् ।

वडा अध्यक्ष रविन्द्र साहलाई फोन सम्पर्क गर्दा उनको छोराले उठाए र "बुवा बाहिर गएको" जवाफ फर्काए । वडा सदस्य विजय कुमार चौधरीसंग



जिज्ञासा राख्दा उनले आफुलाई यसबारे केही थाहा नभएको बताउँदै पन्छिए ।

उपमयेर रेणु साहसंग यसबारे बुझ्न खोज्दा उनले पनि सो मन्दिर भवनबारे कुनै जानकारी आफुसंग नरहेको बताउदै योजना शाखामा सम्पर्क राख्न भन्दै मोबाईलको स्वीच अफ गरिन ।

अढाई वर्ष अघि तत्कालीन वडाअध्यक्ष धीरेन्द्र यादवको पालामा नगरपालिकाको १० लाख रुपैयाँ तथा स्थानीयको चन्दा सहयोगबाट सो मन्दिर भवनको निर्माण कार्य सम्पन्न गरिएको थियो । मन्दिर भवन निर्माण कार्य सकिएपछि भारतको जयपुरबाट भगवान राधा कृष्णको मुर्ती ल्याएर स्थापना गर्ने योजना बनाइएको थियो ।

तर चुनाव नजिकीएकाले चुनाव पछि नै मुर्ती स्थापना गर्ने तत्कालिन वडाअध्यक्ष यादवको तैयारी थियो । संयोगवश उनी चुनावमा झिनो मतान्तरले पराजीत हुन पुगे । प्रतिद्वन्दीले सुरु गरेको योजनामा लगानी गरे "बेकार" हुने ठानेर नयाँ वडाअध्यक्ष साहले मन्दिरको संरक्षण र मुर्ती स्थापनमा चासो नदेखाएकाले मन्दिर भवन यस्तो अवस्थामा पुगेको निवर्तमान वडाअध्यक्ष यादवको भनाइ छ ।

उनले नगरपालिकाको १० लाख तथा स्थानीयवासीको थप सहयोगमा भव्य मन्दिर भवन निर्माण गरिए पनि नयाँ जनप्रतिनीधीले वेवास्ता गर्दा मूर्ति विनाको मन्दिर बन्न पुगेको बताए ।

आफ्नो कार्यकालमा भवन निर्माण र रंगरोगन कार्य गरिएपनि नयाँ जनप्रतिनीधीले एउटा देवी देवताको मूर्ती राख्न र मर्मत सम्भारमा कुनै चासो न देखाउनु दुःखद भएको उनको गुनासो छ ।

मन्दिर भवन देखेर बाहिरबाट आउने भक्तजन भित्र छिर्छन तर मूर्ति नदेखेपछि जिल्ल पर्दै निस्किने गरेको स्थानीयवासी लोकेन्द्र यादवले सुनाए । सो मन्दिरलाई पालिकाले प्राथमिक्ता दिएर मूर्ती स्थापना, मर्मत सम्भार र संरक्षण गरी धार्मिक पर्यटकिय स्थलको रुपमा विकास गर्नू पर्ने स्थानीयले माग गरेका छन् ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८